सुरक्षा र न्याय अध्ययन केन्द्र

CENTRE FOR SECURITY AND JUSTICE STUDIES

SEMINAR PAPER

# PRINCIPLES, POLICIES AND PRACTICES IN CRIME INVESTIGATION: CHALLENGES AND SOLUTIONS

MAHESH BIKRAM SHAH
SUPERINTENDENT OF POLICE
NEPAL POLICE

PROGRAM SUPPORTED BY THE ASIA FOUNDATION

# सुरक्षा र न्याय अध्ययन केन्द्र द्वारा आयोजित
# अपराध अनुसन्धानका सिद्धान्त, निति र प्रयोग : समस्या तथा समाधान विषयक
# कार्यशाला गोष्ठिमा प्रस्तुत कार्यपत्र

श्रावण २, २०७१

प्रस्तुतकर्ताः
महेशविक्रम शाह
(प्रहरी उपरीक्षक)

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विद्यालय
महाराजगंज, काठमाडौं

# १. अनुसन्धान तथा अभियोजन अधिकारीले पालन गर्नुपर्ने शर्त र आचारसंहिता सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था

## परिचय

कुनै पनि मुलुकले फौजदारी कसूर मान्ने अपराध (Mala in Se) वा राज्यको कानूनले अपराध मानेका कसूर (Mala in Prohibita) मा राज्यको चाँसो र सरोकार रहनु पर्छ भन्ने कुरामा आम सहमति छ । Mala in Se वर्गमा अपहरण, मानिसको ज्यान लिन गरिने विष्फोट, बलात्कार, चोरी, मानिसको ज्यान खतरामा पार्ने वा मार्ने जस्ता अपराधहरु पर्दछन् । विश्वका हरेक मुलुकहरुले यीनलाई अपराध मानेको छ । यस्ता अपराधको राज्यले अनुसन्धान गर्छ र शंकित व्यक्तिमाथि मुद्दा चलाउनु पर्ने हो होइन भन्ने कुराको निर्णय सरकारले गर्छ । यसै गरी Mala in Prohibita वर्गमा पर्ने कसूर मुलुक अनुसार फरक हुन सक्छन् । नेपालमा गाई मार्नेलाई १२ वर्ष सम्मको कैद हुन सक्छ । तर विश्वका अन्य मुलुकमा यस्तो कठोर दण्ड छैन । बंगलादेशको भूमिमा कुरानको बिरुद्धमा लाग्नेलाई १५ वर्ष कैद हुन सक्छ तर नेपालमा त्यस्तो कठोर कैदको व्यवस्था छैन । यी उदाहरणहरुले एक मुलुकको कानून पद्दति र अर्को मुलुकको कानून पद्दति एकै नासको हुँदैन भन्ने कुरा थाहा पाउँन सकिन्छ ।

सार्वभौम राज्यको विधायिकाले कानून निर्माण गर्ने, कानून कार्यान्वयन गर्ने निकायको संरचना तोक्ने, ती निकायका पदाधिकारीका काम कर्तब्य र अधिकार निश्चित गर्ने, कानून कार्यान्वयन गर्ने अधिकारीको भूमिका निर्धारण गर्ने, कार्यविधि निश्चित गर्ने अधिकार हुने भएकोले एउटै कानून पद्दतिभित्रका परिवारका सदस्य मुलुकहरुमा पनि फरक अभ्यास भेटिन्छ । जस्तो ब्राजिल, इटली, फ्रान्स, जर्मनी, बेल्जियम, स्पेन, स्वीडेन Inquisitorial Legal System भित्रका परिवार भएपनि कुनैले अनुसन्धान र अभियोजनमा सहयोगी भूमिका प्रहरीको रहने,सरकारी वकिलले अपराध अनुसन्धान र अभियोजनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र सरकारी वकिल न्यायपालिकाको अभिन्न अंगका रुपमा राखेका छन् भने कुनै मुलुकले कार्यपालिकाको अंगका रुपमा राखेको पाइन्छ । यसै गरी बेलायत, अमेरिका, दक्षिण अफ्रिका, थाइल्याण्ड, भारत आदि देश Adversarial Legal System पद्दतिका परिवारहरुका सदस्य मानिन्छन् । यी मुलुकहरुमा पनि अपराध अनुसन्धान र अभियोजन गर्ने निकाय र अधिकारीहरुका अधिकार र काम कारवाही फरक फरक रहेको देखिन्छ । यद्यपि यस पद्दतिका परिवार मानिने राष्ट्रहरुमा अभियोजन गर्ने सरकारी वकिललाई कार्यपालिकाको अंग मानिन्छ । अपराध अनुसन्धान गर्ने प्रहरीहरु कार्यपालिकाकै प्रत्यक्ष नियन्त्रणमा राखिने भएको कारण अपराध अनुसन्धान र अभियोजनमा निष्पक्ष र स्वतन्त्र नहुने आरोप फौजदारी न्याय प्रशासनको तुलनात्मक अध्ययन गर्ने अध्यताहरुले लगाउने गरेको पाइन्छ ।

विश्वमा प्रचलित मूल दुई कानून पद्दति अन्र्तगत पर्ने मुलुकहरुको अपराध अनुसन्धान र अभियोजनका अभ्यासमा संलग्न पदाधिकारीहरुको काम कारवाही र मुलुकको अभ्यास देहाय बमोजिम रहेको पाइन्छ ।

१. अपराध अनुसन्धान र अभियोजन दुवैको नेतृत्व सरकारी वकिलले लिने पद्दति,

२ अपराध अनुसन्धानको नेतृत्व र जिम्मेवारी प्रहरीको हुने अभियोजन र अदालती कारवाही सरकारी वकिलले गर्ने पद्दति,

३. अपराध अनुसन्धान र अभियोजनमा प्रहरी र सरकारी वकिलको संयुक्त जिम्मेवारी भएको पद्दति,

४. अपराध अनुसन्धानमा अधिक अधिकार प्रहरी वा अनुसन्धान अधिकृतको हुने र अभियोजन र अदालती कारवाहीको पूरा जिम्मेवारी सरकारी वकिलको हुने पद्दति,
५. अपराध अनुसन्धान र अभियोजन प्रहरीको एकल जिम्मेवारी हुने र अदालती कारवाहीमा मात्र सरकारी वकिलको सीमित जिम्मेवारी भएका कानुन पद्दति,
६. मुद्दाको प्रकृति अनुसार केही मुद्दामा अनुसन्धान र अभियोजन प्रहरीको मात्रै हुने र केही मुद्दाको अनुसन्धान र अभियोजन सरकारी वकिलको मात्रै हुने पद्दति,
७. अनुसन्धान पूर्ण रुपमा प्रहरीले हेर्ने र अभियोजन र अदालती कारवाही सरकारी वकिलले हेर्ने पद्दति,
८. अपराध अनुसन्धान र अभियोजनको जिम्मेवारी प्रहरी, सरकारी वकिल र अदालत मध्ये कसको कति हो भन्ने कानूनमा प्रष्ट यकिन नभएको पद्दति ।

अनुसन्धान र अभियोजनकर्ताको कार्यक्षेत्रका आधारमा उनीहरुको कार्यसम्पादनका शर्तहरु पनि तय हुने हुन्छ । प्रस्तुत परिच्छेदमा अनुसन्धान र अभियोजनकर्ताले पालन गर्नु पर्ने शर्त र आचार संहिता तथा उनीहरुले गर्नु पर्ने कार्यहरुका सन्दर्भमा विकसित अन्तर्राष्ट्रिय मान्यता र अन्य मुलुकका व्यवस्थाहरुलाई उल्लेख गरिएको छ ।

## अनुसन्धानकर्ताले पालना गर्नु पर्ने शर्तहरु

### संयुक्त राष्ट्रसंघले पारित गरेको अनुसन्धान दिग्दर्शन

संयुक्त राष्ट्र महासभाले प्रस्ताव नं. ४८/२१८ख मार्फत १२ अगष्ट, १९९४ मा पारित गरेको अनुसन्धान दिग्दर्शन (आन्तरिक सुपरिवेक्षण तथा अनुसन्धान सेवा कार्यालय) अपराध अनुसन्धान अधिकृतका लागि पनि महत्वपूर्ण सन्दर्भ सामग्री हो । यस दिग्दर्शनमा रहेका अपराध अनुसन्धानमा अनुसन्धान अधिकृतले पालना गर्नु पर्ने शर्तहरुलाई संक्षिप्तमा यस प्रकार औल्याउन सकिन्छ ।[१]

### प्रारम्भिक चरणको अनुसन्धान

अनुसन्धानकर्ताले देहाय बमोजिमको कार्य प्रारम्भिक अनुसन्धानका कममा गर्नु पर्दछ ।

- कसूर प्रकृतिको सूचना संकलन
- कसूरमा संलग्न व्यक्तिको सूचना संकलन
- कसूरको मात्रा र गंभिरताको पहिचान
- छानविनको काम सम्पन्न गर्न सक्ने व्यक्तिको नियुक्ति

[१] Investigations Manual, prepared by the Investigations Division, Office of Internal Oversight Services (OIOS), is intended to be used as a practical guide by United Nations staff members responsible for conducting internal preliminary fact-finding administrative investigations. General Assembly resolution 48/218 B of 12 August 1994, to enhance the oversight functions within the United Nations.

- ➢ अनुसन्धान गर्नु पर्ने विषयको योजना
- ➢ अनुसन्धानको तयारी
- ➢ अनुसन्धान कार्यान्वयन
- ➢ अनुसन्धानको निष्कर्ष
- ➢ प्रतिवेदनको तयारी

**अनुसन्धान व्यवस्थापन**

अनुसन्धानको व्यवस्थापन सम्बन्धमा देहाय बमोजिमका कार्य अनुसन्धानकर्ताले सम्पादन गर्नु पर्दछ।

- प्रमाण संरक्षण (घट्नास्थल, दशी, कागजात, पीडितको स्थिति र स्वास्थ्य परीक्षण, सम्वद्ध अभिलेखहरु, अभियुक्तले छाडेका प्रमाण र अन्य सम्वद्ध कुरा)
- साक्षी संरक्षण
- अनुसन्धान अभिलेख व्यवस्थापन
- अनुसन्धान गर्ने साधन स्रोत व्यवस्थापन
- अनुसन्धान तथा प्रमाणका स्रोतहरुको अभिलेख संरक्षण
- प्रमाण परीक्षण नमूना संकलन
- प्रयोगशाला व्यवस्थापन र प्रमाण परीक्षण
- अनुसन्धानगर्ने स्थानको पूर्व पहिचान, यात्राव्यवस्थापन र स्थानीय साधन स्रोत प्रयोग गर्न सकिने वा नसकिने अवस्थाको पूर्वानुमान र व्यवस्थापन
- संकलित प्रमाण विश्लेषण
- अभियोगपत्र तयारी
- न्याय र दण्ड

**कार्य पद्दति**

अनुसन्धानकर्ताले अनुसन्धान गर्दा देहाय बमोजिमका कार्य प्रकिया अबलम्बन गर्नु पर्दछ।

- कानुनको प्रक्रिया पुर्‍याई अभियुक्तलाई तत्काल निलम्वन गर्ने वा पक्राउ गर्ने
- अनुसन्धानका हरेक कामकारवाहीमा बाह्य गोपनीयता कायम गर्दै आन्तरिक पारदर्शीता कायम गर्ने
- अनुसन्धान र प्रमाण संकलनको औचित्यता र उपयुक्तता पुष्टी गर्ने
- अनुसन्धानको विश्वसनीयता कायम गर्ने

**अनुसन्धान प्रतिवेदनमा खुल्नु पर्ने कुरा**

अनुसन्धानकर्ताको अनुसन्धान प्रतिवेदनमा देहायका विवरणहरु खुल्नु पर्दछ।

- अनुसन्धान प्रक्रियाको विवरण
- अनुसन्धानमा बुझिएका व्यक्तिको विवरण र बयान
- बयान उचिततवरले लिईएको देखिने विवरण

- बयान लिनुको उद्देश्य र बयानबाट प्राप्त तथ्य
- बयानमा भाषाको प्रयोग र अभियुक्तको सहजता व्यवस्थापन
- बयानमा सहीछाप गर्नु गराउनु पहिले ब्यहोरा बुझाउनु पर्ने कुरा
- बयानलिदा पुर्‍याउनु पर्ने सबै प्रक्रिया पूरा भए नभएको र प्रमाणमा लिन मिल्ने हो होइन भन्ने कुराको यकिन गर्नु पर्ने बिषय
- घटनाका बारेमा बुझ्नु पर्ने मानिसको पहिचान र साक्षी राख्ने कुरा
- अनुसन्धान प्रतिवेदन मस्यौदा र निष्कर्ष
- अनुसन्धानमा देखिएका समस्या र समाधानका लागि चालिएका कदमहरुको विवरण

**अनुसन्धानअधिकृतले उचित कानुनी प्रक्रियाको पालनगर्नु पर्ने शर्त**

- आरोपको लिखित सूचनादिनु पर्ने
- निज विरुद्धको आरोपको प्रतिलिपि प्रमाण दिनु पर्ने
- अभियुक्तको आरोपका विषयमा प्रयाप्त सुनुवाईको मौका दिनु पर्ने, निजले पेश गरेका प्रमाण लिनु पर्ने र उचित एवं मान्य प्रमाणलाई ग्रहण गर्नु पर्ने

**अनुसन्धानअधिकृतले प्रमाण संकलनको क्रममा विचार गर्नु पर्ने बिषय**

- तथ्यहरुको जानकारी लिएका स्रोतहरुलाई प्रष्ट उल्लेख गर्नु पर्ने
- प्रमाण संकलनका अभिलेखहरुको स्रोत व्यवस्थित गर्नु पर्ने
- प्रमाणका स्रोत र प्रमाण विश्लेषणमा सामनञ्जस्यता हुनु पर्ने
- संकलित प्रमाणहरुको विरोधाभाष पहिचान गर्ने र प्रमाणका आधारहरुको सही व्यवस्थापन हुनु पर्ने

**अनुसन्धान अधिकृतले संभावित तथ्यहरुको संकलन गर्दा अनुमान गर्न सक्ने कुरा**

अनुसन्धान अधिकृतले प्रमाण तथा तथ्य संकलनको क्रममा निम्न प्रक्रिया पूरा गर्नु पर्छ।

- तथ्य एवं सूचनाको दर्ता
- तथ्य एवं सूचनाको वैज्ञानिक मूल्याङ्कन
- तथ्य एवं जानकारीहरुको अनुसन्धान गर्नु पर्ने निर्णय

**अनुसन्धान पद्दति वैज्ञानिक बनाउनु पर्ने**

- अनुसन्धानगर्नु पर्ने कामको क्यालेण्डर बनाउनु पर्ने
- अनुसन्धान सूचकाङ्क विकास गर्नु पर्ने
- प्रगति मूल्याङ्कन गर्नु पर्ने
- अनुसन्धानमा संलग्न व्यक्तिहरुको प्रगति र क्षमता मूल्याङ्कन गर्ने
- पीडितको तत्काल राहत र सुविधाका विषयहरु अध्ययन एवं मापन गर्ने
- कानूनी उपाय र प्रक्रियाको मापदण्ड पालना गर्ने तरिका निश्चित गर्ने

- घट्नाको पृष्ठभूमि निश्चित गर्ने
- अभियुक्तको उमेर र पहिचान यकिन गर्ने

**अनुसन्धानअधिकृतले सतर्कता अपनाउनु पर्ने विषयहरु**

- उजुरी सत्य तथ्य घट्नामाआधारित छ छैन ?
- तथ्यको भ्रममा परी उजुरी दिईएको हो होइन?
- दुरासयपूर्ण उजुरी हो होइन?
- उजुरीमा पीडितले अतिरञ्जितपूर्ण तथ्यउल्लेख गरेको छ छैन ?
- दोषीलाई उम्काउने र निर्दोष व्यक्तिलाई फसाउने पीडितकोउद्देश्य छ छैन ?

**अनुसन्धान अधिकृतले गर्नु पर्ने प्रमाणको  वर्गिकरण**

- बयान तथा ब्यक्तिका भनाई (Testimonial evidences)
- लिखित प्रमाण (Documentary evidences)
- विद्युतीय प्रमाण (Electronic evidences, Hard copy and Soft copy)
- भौतिक प्रमाण(Physical evidences)
- औठा, पूरा हत्केला, खुट्टाकाछाप, हस्ताक्षर, ट्रेस, आदि प्रमाण
- DNA परीक्षण
- प्रयोगशाला परीक्षण प्रमाण(Forensic evidences)
- श्रव्य/दृष्य प्रमाण (Audio and Audio/Visual Recording)
- सम्वद्ध प्रमाण(corroborate Evidences)

**अनुसन्धान अधिकृतले सम्वद्ध प्रमाण संकलनका क्रममा विचार पुऱ्याउनु पर्ने शर्तहरु**

- अभियुक्त र पीडितको सम्वन्ध
- अभियुक्तको दैनिक क्रियाकलाप वा व्यवसाय
- अभियुक्तको व्यक्तिगत विवरण तथा चारित्रीक इतिहाँस
- बाह्य अभिलेखः सार्वजनिक वा गोप्य प्रहरी अभिलेख
- पीडित र अभियुक्तबीच भेटघाट हुनु पर्ने कारण
- अभियुक्त र पीडितको पूर्व व्यवहार

**परिस्थितिजन्य प्रमाण संकलनमा अनुसन्धान अधिकृतले पुष्टी गर्नु पर्ने शर्त**

- घटनाको ठीक अगाडि पछाडी अभियुक्त र पीडित एकै स्थानमा रहे भएको कुरा
- सो स्थानमा भेट हुने सिलसिला र आधार कारण
- सो स्थानमा देख्ने मानिसहरुको भनाई
- घटना घट्ने समयमा अभियुक्त वा पीडित अन्यत्र नभएको पुष्टी हुने कुरा

- घटना हुने समयमा अभियुक्त र पीडितले घटनास्थलमा छाडेका चिन्ह वा प्रमाण
- पीडित पक्षलाई परेको अन्यायको प्रकृति र अभियुक्तको स्वार्थ

**प्रमाणको प्रकृति र अनुसन्धान अधिकृतले पालना गर्नु पर्ने शर्त**

- संकलित प्रमाण मौलिक हो वा प्रतिलिपी हो प्रष्ट उल्लेख हुनु पर्ने
- कुन स्थानमा कसरी राखिएको, सवारी साधन, घर, कार्यालय, कुनै व्यक्तिको साथबाट के कुन तरिकाबाट कसरी राखिएको अवस्थामा के कसरी प्राप्तभयो खुल्नु पर्ने
- त्यो प्रमाण त्यस अवस्थामा कसरी रहनगएको हो ? भन्ने कुरा खुल्नु पर्ने
- त्यो प्रमाण विवाद समाधानका लागि किन आवश्यक छ ? भन्ने कुरा खुल्नु पर्ने

**अनुसन्धानको अनुगमन, सुपरिवेक्षण र कारवाही संयन्त्र**

- अनुसन्धान अधिकृत र प्रमाण परीक्षणमा संलग्नलाई उत्तरदायी र जवाफदेही बनाउनु पर्ने
- गलत गर्ने अनुन्धान अधिकृत वा प्रमाण परीक्षणकर्तालाई तत्काल कारवाही गर्नु पर्ने
- बाँकी अनुसन्धान गर्न अर्को टोली बनाउनु पर्ने
- ठीक गतिमा योजनाबद्ध अनुसन्धान अगाडि बढाउनु पर्ने
- अनुशासन समितिको व्यवस्थाहुनु पर्ने
- अनुशासन समितिले कानूनी कारवाही प्रभावकारी तवरले कार्यान्वयन गर्नु पर्ने

**अनुशासन समितिले अनुसन्धानका कामकारवाहीको गर्नु पर्ने अनुगमन सुपरिवेक्षण**

- तथ्यगत आधार चुस्त दुरुस्त भए नभएको
- अनुसन्धान निष्पक्ष र बस्तुपरक भए नभएको
- अनुसन्धान ठोस, स्पष्ट र पूर्ण भए नभएको
- वस्तुगत प्रमाणका आधारमा तार्किक निष्कर्ष सहित अनुसन्धान सुसंगठित भए नभएको

**कानून कार्यान्वयन गर्ने अधिकारीका लागि आचारसंहिता, १९७९**

महासभाको १७ डिसेम्बर १९७९ को प्रस्ताव ३४/१६९ द्वारा जारी यस आचार संहितामा कानून कार्यान्वयन गर्ने अधिकारीले सबै समयमा पेसालाई आवश्यक पर्ने उत्तरदायित्वको उच्च तहसंग अनुकूल हुने गरी समुदायको सेवा गर्दै र गैरकानूनी क्रियाकलापबाट सबै व्यक्तिलाई जोगाउँदै आफूलाई कानूनले सुम्पेको कर्तव्य पूरा गर्नेछन् भनी निर्देश दिएको छ । अपराध अनुसन्धानको क्रममा मूलतः देहायबमोजिमका आचरण र शर्त यस आचार संहिता अनुरुप पालना गर्नु पर्दछ ।

- कानून कार्यान्वयन गर्ने अधिकारीले तिनको कर्तव्य पालनमा मानवमर्यादाको आदर र बचाउ गर्नेछन् साथै सबै व्यक्तिको मानवअधिकार कायम राख्ने र पालना गर्नेछन् ।
- कानून कार्यान्वयन गर्ने अधिकारीद्वारा हुने बल प्रयोग अपवादस्वरुप मात्र हुनुपर्छ भन्ने कुरालाई यस व्यवस्थाले जोड दिन्छ, अपराधको रोकथाम वा अपराधी वा आशङ्कित अपराधीलाई कानूनसम्मत रुपमा पक्रनुपर्ने परिस्थितिमा जायज तरहले आवश्यक बल प्रयोग

गर्न कानून कार्यान्वयन गर्ने अधिकारीलाई अख्तियारी रहने कुरा यसबाट निर्दिष्ट भएकाले यसभन्दा बाहिर गएर कुनै बल प्रयोग हुन हुँदैन ।

- कर्तव्यपालन वा न्यायको खाँचोले कडाइसाथ अन्यथा भएमा बाहेक कानून कार्यान्वयन गर्ने अधिकारीका अधिनमा रहने गोप्य प्रकृतिका कुराहरु गोप्य राखिनेछन् ।
- कानून कार्यान्वयन गर्ने अधिकारीले तिनका हिरासतमा रहेका व्यक्तिहरुको स्वास्थ्यको पूर्ण सुरक्षालाई सुनिश्चित पार्नेछन् र खास गरी, चाहिएको बेला चिकित्सात्मक सतर्कता अपनाउन तुरुन्तै कारबाई चलाउनेछन् ।
- कानून कार्यान्वयन गर्ने कुनै पनि अधिकारी यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायरुपी कुनै कार्यमा संलग्न हुन, सुऱ्याउन वा सहन सक्नेछैनन् न त कानून कार्यान्वय गर्ने कुनै अधिकारीले यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको पुस्टचाइ स्वरुप तालुकवालाको आदेश, युद्ध वा युद्धको त्रासको अवस्था, राष्ट्रिय सुरक्षामा खतरा, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक सङ्कटजस्ता अपवादजनक परिस्थितिको दाबी लिन सक्नेछन् ।
- कानून कार्यान्वयन गर्ने अधिकारीले तिनको कर्तव्य पालनमा मानवमर्यादाको आदर र बचाउ गर्नेछन् साथैसबै व्यक्तिको मानवअधिकार कायम राख्ने र पालना गर्नेछन् । यस्ता मानवअधिकारको सवाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा निर्धारित र संरक्षित रहेका छन्, जस अनुरुप सान्दर्भिक अन्तर्राष्ट्रिय अध्यालेखहरुमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्र, जातीय भेदभावका सबै स्वरुपको उन्मूलन गर्ने राष्ट्रसंघीय घोषणापत्र, रङ्गभेदको अपराधलाई दबाउने तथा सजाय गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय समहासन्धि, आमहत्या, (नरसंहार) को अपराध रोकथाम तथा सजायसम्बन्धी महासन्धि, बन्दीप्रति गर्नुपर्ने व्यवहारको न्यूनतम मापदण्डको नियमावली र कूटनीतिक सम्बन्धबारेको भियाना महासन्धिहरु पर्छन् ।

## २. अपराध अनुसन्धान कार्यविधि

**<u>अपराधको सूचना :</u>**

कुनै पनि अपराधको सम्बन्धमा प्रहरीलाई दिईने पहिलो जानकारी नै अपराधको सूचना हो । नेपाल सरकार वादी हुने फौजदारी मुद्दा सम्बन्धमा उक्त अपराधका बारेमा आफूले थाहा पाएको र देखे जानेको सवुद समेत खुलाई प्रहरीमा दिईएको लिखित वा मौखिक सूचना वा जानकारी नै अपराधको सूचना हो । अनुसूचि १ मा उल्लेखित कुनै अपराध भएको वा भई रहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले तत् सम्बन्धी अपराध बारे आफूसँग भएको वा आफूले देखे, जानेबुझेसम्मको सवुद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्दछ ।

**कानूनी व्यवस्था :**

**(क) अपराधको सूचना प्राप्ति र दर्ता सम्बन्धी व्यवस्था (स.मु.स. ऐनको दफा ३)**

१. कुनै अपराधको सम्बन्धमा निम्न कुराहरु सकेसम्म खुलाउनु पर्दछ :
   - ➢ अपराध भएको, भई रहेको वा हुने संभावना भएको मित, समय र स्थान ।
   - ➢ अपराधीको नाम, थर, वतन र हुलिया ।
   - ➢ अपराधसँग सम्बन्धित सवुद प्रमाण ।
   - ➢ अपराधको प्रकृति र अपराधसँग सम्बन्धित अन्य विवरण ।

२. मौखि रुपमा दिन ल्याएको अपराधको सूचनालाई प्रहरीले माथि उल्लेख गर्नु पर्ने भनी लेखिएका कुराहरु समेत लेखवद्ध गरी पढी वाची सुनाई सूचनावालाको समेत सहि छाप गरी राख्नु पर्दछ ।

३. सूचना दर्ता गर्न प्रहरीले इन्कार गर्न नहुने । तालुक प्रहरी प्रधान कार्यालय वा प्रमुख जिल्ला अधिकारी समक्ष उजुरी गर्न सक्ने व्यवस्था ।

४. अपराधको सूचना दर्ता गरेपछि सोको भरपाई सम्बन्धित व्यक्तिलाई दिनु पर्दछ । ( म.मु.स. नियमावली २०५५ को नियम ३)

**FIR तथा दर्ता सम्बन्धमा स.मु.स. नियमावली २०५५ ले गरेका थप व्यवस्थाहरु ( नियम ३)**

- ➢ कुनै दरखास्त वा सूचना कसैले सम्बन्धित प्रहरी कार्यालयमा आफै आएर नदिई कुनै व्यक्ति मार्फत पठाएमा त्यस्तो कार्यालयले बुझी त्यसको भरपाई अनुसूची २ बमोजिमको ढाँचामा त्यस्तो सूचना ल्याउने व्यक्तिलाई दिनु पर्ने ।
- ➢ यदि त्यस्तो सूचना वा दरखास्त अनुसूची १ बमोजिमको ढाँचामा नभए पनि बुझी लिई त्यस सम्बन्धमा कुनै कुरा खुलाउनु पर्ने देखिएमा त्यस्तो व्यक्ति कहाँ आफ्नो कर्मचारी पठाएर वा त्यस्ता व्यक्तिलाई नै कार्यालयमा झिकाएर आवश्यक कुराहरु खुलाई लिन सक्ने तर हुलाकबाट आएको सूचनाको हकमा त्यस्तो व्यक्ति कार्यालयमा आई सनाखत नगरेसम्म त्यस उपर कुनै कारवाही नगरी स्थगन राख्न सकिनेछ ।

**मुलुकी ऐनको अ.व. तथा स.मु.स. नियमावली २०५५ मा भएका अन्य व्यवस्थाहरु :**

- ➢ अ.व. ८२ अनुसार नेपाल सरकार वादी हुने मुद्दामा जोसुकैले नालिस गरे पनि हुने ।
- ➢ अ.व. १२६ अनुसार कसैले जाहेरी दिएकै आधारमा जाहेरी दिने व्यक्तिलाई पक्राउ नगरिने, नथुनिने, धरौटी वा जमानी नमागिने ।
- ➢ अ.व. २२० अनुसार जाहेरी दर्ता गर्दा कुनै शुल्क लाग्दैन ।

- अ.व. ९० अनुसार हुलाकबाट आएको जाहेरी बाटोको म्याद बाहेक ७ दिन भित्र सनाखत गर्न आउनु भनी पत्र पठाई बोलाई सनाखत गरेपछि मात्र कारवाही गुनए पर्ने । ७ दिन भित्र नआए वा आए पनि मैले पठाएको होईन भनी इन्कार गरेमा कारवाही अगाडि बढाउनु पर्दैन । हुलाकबाट आएको बेनामी जाहेरीको कारवाही अगडी बढाउनु पर्दैन ।
- स.मु.स. ऐन २०४९ को दफा ३ को उपदफा (४) अनुसार प्रहरी कार्यालयले तोकिएको दर्ता किताबमा दर्ता गर्नु पर्ने ।
- स.मु.स. ऐन २०४९ दफा ३ उपदफा (५) अनुसार प्रहरी कर्मचारीले अपराध सूचना दर्ता गर्न इन्कार गर्न नहुने । इन्कार गरेमा जाहेरवालले एक तह माथिको प्रहरी कार्यालय वा प्र.जि.अ. समक्ष दर्ताको लागि पेश गर्न सक्ने । त्यसरी प्राप्त भएको जाहेरीलाई दर्ता किताबमा दर्ता राख्नु पर्ने ।
- स.मु.स. ऐन २०४९ दफा ५ अनुसार अन्य प्रहरी कार्यालयमा जाहेरी गर्न आएमा उक्त जाहेरी यथाशीघ्र सम्बन्धित प्रहरी कार्यालयमा उपस्थित हुन जाने भनी जानकारी दिने ।
- स.मु.स. नियमावली २०५५ को नियम ४ (१) अनुसार अपराधको सूचना प्राप्त हुनसाथ सम्बन्धित प्रहरी कार्यालयले तोकेको ढाँचामा तयार गरी वा गर्न लगाई दर्ता गरी सोको जानकारी तालुक कार्यालय र सरकारी वकिल कार्यालयलाई दिनु पर्ने ।
- अपराधको सूचना दर्ता गर्ने गरी तयार पार्दा स.मु.स. नियमावलीको अनुसूची १ बमोजिम ढाँचामा तयार पर्नु पर्दछ ।

**<u>हद म्याद सम्बन्धी व्याख्या :</u>**

- यतिदिन भित्रमा उजुरी वा नासिलस गर्नु पर्दछ भनी ऐनले नै तोकिदिएको हद म्याद ।
- हद म्याद नलाग्ने भनी सम्बन्धित ऐनले नै तोकिदिएको असिमित हद म्याद ।
- कसुरको मात्र व्यवस्था गरी ऐनले हद म्यादका बारेमा केही नबोलेको हद म्याद, यस्तोमा हदम्याद असिमित हुन्छ भनी मुलुकी ऐन अ.व. को ३६ नं.मा उल्लेख भएको पाईन्छ ।

**<u>जाहेरीका सम्बन्धमा सर्वोच्च अदालतवाट प्रतिपादित केही नजीरहरु :</u>**

- वादीले जे जति कुरामा दावी लिएको छ त्यतिसम्म कुरामा अदालतले ईन्साफ गर्नू पर्ने । उजुरीमै दावी नलिएको कुरामा पछि उठाएको वाद विवादलाई लिएर ईन्साफ ठहर गर्न नहुने । (ने.का.प. २०३१ नि. नं. ८०७)

- केहि सार्वजनिक अपराध तथा सजाय ऐन २०२७ को दफा ४ (१ मा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक अपराध ऐन अन्तर्गतको कारवाही चलाउन चाहने व्यक्तिले वाटोको म्याद वाहेक वारदात भएको मितिले सात दिन भित्र जाहेरी दिनु पर्ने । हुलाकवाट जाहेरी दरखास्त पठाएकोमा जाहेरी दिने व्यक्तिलाई झिकाई सनाखत गराई तहकिकात गर्नुपर्ने व्यवस्था स.मु.स. ऐन २०४९ र सार्वजनिक अपराध तथा सजाय ऐन २०२७ मा भएको नदेखिने । हुलाकवाट पठाएको जाहेरी दरखास्त जि.प्र.का. मा आठौं दिनमा प्राप्त भएकोमा कारवाही नहुने । (ने.का.प. २०५३ अंक ९ नि.नं. को परमादेश चन्द्र प्रसाद गड्तौला विरुद्ध ईलाका प्रहरी कार्यालय, इटहरी)
- फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैमा प्रमाण होइन केवल अपराध अनुसन्धानको आधार मात्र हो । जाहेरी र प्रहरी सावितीलाई अन्य स्वतन्त्र प्रमाणवाट पुष्टी भएको हुनुपर्दछ । जाहेरी दरखास्त र प्रहरीमा भएको साविती वयानको आधारमा मात्र कसुर ठहर गर्नु न्याय कानून समेतवाट नमिल्ने । (ने.का.प. २०५६, नि.नं. ६६५६ पृष्ट ४५ अंक रामेश्वर यादवको जाहेरीले वादी सरकार प्रतिवादी सोचिन्ह प्र. यादव)

**<u>अपराधको सूचनामा खुलाउनु पर्ने कुराहरु :</u>**

- अभियुक्तको नाम, थर, वतन, पेशा, हुलिया ।
- शंका गरिएकोमा सो गर्नुको कारण ।
- अपराध भएको  कसरी थाहा भयो ?
- अपराध गर्नुको उद्देश्य ?
- अभियुक्तसँग रिसीवी चिनजान थियो थिएन ?
- देख्ने सुन्ने साक्षीहरु कोही छन् भने तिनको नामथर, वतन, के के हो ?
- अभियुक्तले छोडी गएका समानहरु केहि छ की ?
- अपराध भएको कति समयपछि थाहा हुन आयो ?
- जिन्सी सम्बन्धी अपराध भएमा सोको विवरण, हुलिया ।
- पूर्व कुनै अपराध भएको भए सो सम्बन्धी विवरण ।
- मोखिक रुपमा आएको कुनै सूचनालाई प्रहरीले लेखपढ गरिदिएको हो भने उक्त जाहेरीको किनारामा जाहेरवाला फलानोले भने बमोजिम लेखी दिएको ठिक साँचो हो भन्ने व्यहोरा लेखी लेखकको सहिछाप गरी राख्नु पर्दछ ।

**<u>अपराधको सूचना लिँदा ध्यान दिनुर्पे कुराहरु :</u>**

- अपराधको अवस्था अनुसार कर्तव्य हो वा भवितव्य वा बनावटी हो की ?

- अपराध कहिले, कहाँ, कसरी, किन, कतिजना मिली, के कस्तो अवस्था भएको हुन सक्दछ ?
- अनुसूची १ भित्र पर्छ पर्दैन ?
- कानूनी हद म्याद छ छैन ?
- जाहेरवालाले यस सम्बन्धमा पहिले कुनै जाहेरी दिएको छ छैन ?
- मागदावी नोक्सानी वास्तविकता झल्काउने खालको छ छैन ?
- जाहेरवाला र अभियुक्त बीचको सम्बन्ध के कस्तो छ ?
- घटनाको समय र उजुरी दिएको समय वीच तारतम्य छ छैन ?
- दरखास्त दिने व्यक्ति घटनासँग सम्बन्धित छ छैन ।

**जाहेरी दरखास्तमा प्राप्त भएपछि देखा पर्ने द्विविधा र समस्या :**

- विपक्षीलाई फसाउने नियतले बढाई चढाई गरेर दरखास्त ल्याउने ।
- घटना भएको होईन तर हो भनि परिपञ्च मिलाई दरखास्त ल्याउने ।
- जाहेरी दरखास्त हुलाकबाट पठाउने, सनाखत गर्ने तर वदनियतसाथ पठाउने । वेनामी जाहेरी आउने ।
- प्रहरीले दर्ता गरिदिंदैन भनि हुलाकमार्फत पठाउने । हदम्याद नाघ्न लागेपछि ल्याउने
- टेलिफोनबाट सूचना आउने तर सूचनादाताले परिचय नदिने ।
- मौखिक ल्याउने तर रितपूर्वक जाहेरी दिन वा सहिछाप गर्न नचाहने (भय वा झन्झटका कारण)

**अपराधिक सूचना (जाहेरी दरखास्त) दर्ता :**

- अपराध अनुसन्धान कार्य गर्ने कानूनी अधिकार प्राप्त प्रहरी इकाईहरुले कुनै पनि अपराधको जाहेरी दरखास्त दर्ता गर्दा कानून बमोजिम गर्नु पर्ने छ ।
- दर्ता हुन आएका जाहेरी दरखास्तहरुको अध्ययन गरी कुनै कानूनी त्रुटी भएमा सच्चाउन लगाई दर्ता गर्नु पर्ने छ ।
- कुनै अपराधका पीडित जाहेरी दरखास्त नलिई अपराधको बारेमा उजुरी गर्न प्रहरी कार्यालयमा आएमा अनुसन्धान अधिकृतले निजको सहमतिमा प्रहरी कार्यालयमा नै निःशुल्क जाहेरी दरखास्त लेखी दर्ता गर्नु पर्ने छ ।
- प्रहरी कार्यालयमा प्राप्त भएका जाहेरी दरखास्तहरु दर्ता नगरी फिर्ता पठाउन पाईने छैन ।
- दर्ता भएका जाहेरी दरखास्तहरु मुद्दा चलाउन योग्य भएको, नभएको सम्बन्धमा अनुसन्धान अधिकृतले अनुसन्धान गरी टुङ्गो लगाउनु पर्ने छ ।

**प्रारम्भिक अनुसन्धान :**

अपराधको सूचना प्राप्ति पश्चात प्रहरीले घटनास्थलमा पुग्नु भन्दा पहिले गर्ने तयारी र घटनास्थलमा पुगिसके पश्चात गरिने अनुसन्धान कार्यलाई प्रारम्भिक अनुसन्धान भनिन्छ । प्रारम्भिक अनुसन्धानमा अपराध अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरुले निम्नानुसार कार्यहरु गर्ने, गराउने छ :

**प्रारम्भिक अनुसन्धानका उदेश्यहरु :**

- वास्तवमा अपराध घटित भएको वा होईन यकिन गर्ने ।
- यदि घटित भएको हो भने घटनाको सम्बन्धमा उठेको प्रश्नहरु (के, को, कहाँ, कहिले, किन र कसरी) को जवाफ खोज्ने ।
- अपराधको पीडित व्यक्तिको पहिचान गर्ने ।
- कसले अपराध गरेको हो ? अपराधी पत्ता लगाउने ।
- अपराधको कार्यविधि (Modus Operandi) को अध्ययन गर्ने ।
- अपराधको कारण (Motive) निक्यौंल गर्ने ।
- घटनाको साक्षी को हो ? पहिचान गर्ने ।
- अपराध घटित भएको हो वा होईन ? भन्ने कुराको पुष्टी गर्न सवुद प्रमाणको खोजी गर्ने ।
- घटनास्थलको छाँयाचित्र लिने ।
- घटनास्थलको रेखाचित्रण गर्ने ।
- सवुद प्रमाणको सुरक्षा गर्ने ।
- सवुद प्रमाणहरुलाई कानूनी रीत पुर्‍याएर उपयुक्त भाँडोमा पोको पारी सिलबन्दी गर्ने ।
- घटनास्थल तथा लाश जाँच मुचुल्का तयार गर्ने ।

**घटनास्थल सुरक्षा टोलीका कमाण्डर तथा घटनास्थलमा पुग्ने प्रथम अधिकृत अथवा प्रहरी कर्मचारीले गर्नु पर्ने कार्यहरु :**

- घटनास्थलमा पुगेको मिति, समय र मौसम नोट गर्ने ।
- घटनास्थलको अवलोकन गर्ने ।
- घटनास्थलको सुरक्षा गर्ने ।
- घटनास्थलमा मानिसहरुलाई भेला, जम्मा हुन नदिने ।
- घटनास्थलबाट मानिसलाई सकेसम्म टाढा राख्ने ।
- पीडितको पहिचान गरी विवरणहरु प्राप्त गर्ने ।
- पीडित ज्यूँदै भएको अवस्थामा उपचारका लागि तुरुन्त अस्पतालमा पठाउने व्यवस्था गर्ने ।

- यदि पीडित गम्भिर रुपमा घाइते छ र आफू मर्नुभन्दा पहिले घटनाको बारेमा आफ्नो भनाई (Dying Declaration) राख्न चाहन्छ भने साक्षीहरुको रोहवरमा पीडितको मौकाको कागज गर्ने ।
- अपराधमा संलग्न शंकित व्यक्तिको बारेमा सम्पूर्ण विवरण प्राप्त गर्ने ।
- साक्षीको पहिचान गर्ने ।
- घटनास्थलमा साक्षी फेला परेमा कसैसँग नमिसाई छुट्टै सुरक्षित साथ राख्ने ।
- शंकित व्यक्ति फरार भएको छ भने तुरुन्त प्रहरी कार्यालयको कन्ट्रोलमा खबर गरी नाकाबन्दी गर्न लगाउने ।
- घटनास्थल वरिपरि प्रहरीहरु परिचालन गरेर वा डोरीले घेरा हाली घटनास्थलको सुरक्षा गर्ने ।
- घटनास्थल अनुसन्धान टोली नआउन्जेल घटनास्थल भित्र कसैलाई पनि प्रवेश गर्न नदिने ।
- घटनास्थलमा स्वयं सुरक्षा टोली कमाण्डर र घटनास्थल सुरक्षामा खटिएका प्रहरीहरुसमेत विशेष अवस्था (जस्तै पीडितलाई अस्पताल लैजानु परेमा तथा भौतिक सवुद प्रमाणहरुलाई नष्ट हुन नदिई सुरक्षा गर्नु परेको खण्डमा) बाहेक अन्य अवस्थामा प्रवेश नगर्ने ।
- शंकित अपराधी घटनास्थलमा नै फेला परेमा पक्राउ गर्ने ।
- अपराधसँग सम्बन्धित भौतिक सवुद प्रमाण कुनै ठाउँमा लुकाई राखेको अवस्थामा छ भन्ने खबर प्राप्त भएमा तत्काल बरामद नगर्दा नष्ट हुन सक्ने वा हराउने सम्भावना देखिएमा सम्भव भएसम्म अनुसन्धान अधिकृत समेतको राय लिई बरामद गर्ने । अनुसन्धान टोली आइपुगेपछि बरामदी मुचुल्का तयार गर्ने ।
- घटनास्थल वरिपरि भेला जम्मा भएका मानिसहरुलाई घटनाको बारेमा के कस्ता कुराहरु गर्छन्, सूचना संकलन गर्ने ।
- कतैबाट कुनै गन्ध आइरहेको छ भने नोटिस गर्ने ।
- घटनास्थल वरिपरि कुनै सवारी साधन वा वस्तु अस्वाभाविक वा वेवारीसे अवस्थामा फेला पर्‍यो भने नचलाई सुरक्षित राख्ने ।
- घटनास्थलमा रहेका कुनै पनि वस्तुहरुलाई नचलाउने । घटना हुँदा जुन अवस्थामा थिए सोही अवस्थामा राख्ने ।
- सुरक्षा टोली पुग्नुभन्दा पहिले नै कसैले घटनास्थल चलाइसकेको छ वा घटनास्थल भित्र रहेका सामानहरु लैजाने वा अन्य वस्तुहरु ल्याएर राख्ने कार्य गरेको छ भने सो कुरालाई डायरीमा टिपी अनुसन्धानकर्तालाई जानकारी दिने ।
- घटनास्थलमा सोको सुरक्षार्थ पुग्ने सुरक्षा टोलीका कमाण्डर तथा प्रथम प्रहरी अधिकृत , प्रहरी अधिकृत नभएको अवस्थामा जुनसुकै तहका प्रहरी

कर्मचारीहरुले घटनाका सम्बन्धमा जानकारी लिँदा ६ 'क' (5 WH) विधिलाई अपनाउँदा बढी उपयुक्त हुने देखिन्छ ।

**६ 'क' (5 WH) विधि :**

के ? : घटना के हो ? हत्या, आत्महत्या वा भवितव्य ।

को ? : घटनाका पीडित, अपराधी र साँक्षी को हुन् ?

कहाँ ? : घटना कहाँ घटित भएको हो ?

कहिले ? : घटना घटित भएको मिति र समय कुन हो ?

किन ? : घटना किन घटित भएको हो ? घटना घटित हुनका कारणहरु के के हुनसक्छन् ? सम्पत्ति, इर्ष्या, बदला, अपराध लुकाउन, पागलपन ।

कसरी ? : घटना कसरी घटित भयो ? घटना घटित गराउन कुन वस्तुको प्रयोग गरिएको छ ? राईफल, पिस्तोल, खुकुरी, डोरी, विष ।

- घटनास्थलमा अनुसन्धान टोली पुगेपछि अनुसन्धान अधिकृतलाई घटनास्थल, घटना, पीडित, अपराधी, साक्षी र भौतिक सवुद प्रमाणका सम्बन्धमा आफ्नो टोलीले संकलन गरेका सूचनाहरु दिने ।

**अनुसन्धान अधिकृतले गर्नु पर्ने कार्य :**

**I. प्राथमिक कार्य :**

- घटनास्थलमा पुगेको मिति र समय डायरीमा नोट गर्ने ।
- सुरक्षा टोली कमाण्डर (घटनास्थलमा पुग्ने पहिलो प्रहरी कर्मचारी) बाट सूचनाहरु प्राप्त गरी डायरीमा नोट गर्ने ।
- अनुसन्धान टोलीलाई घटनास्थल अनुसन्धानको क्रममा गर्नु पर्ने कार्य, गर्न नहुने कार्य तथा ध्यान दिनु पर्ने कुराहरुका सम्बन्धमा विफिङ्ग गर्ने ।
- घटनास्थलको सूक्ष्म अवलोकन गर्ने ।
- घटनास्थल वरिपरि सम्भव भएसम्म घटनास्थल टेप (Crime Scene Tape) नभए डोरी आदी वस्तुले घेराबन्दी गरी घटनास्थललाई सुरक्षित राख्ने ।
- घटनास्थलमा लाश छ भने उक्त लाशलाई नजिकैबाट हेर्न तथा तस्वीर लिनका लागि घटनास्थलको घराबन्दीबाट भित्रसम्म पुग्ने गरी पहुँच माग (Approach Path) बनाउने । यसरी पहुँच मार्ग बनाउँदा सर्वप्रथम त्यस ठाउँमा भौतिक सवुद प्रमाण भएको/नभएको एकिन

गर्नु पर्दछ । पहुँच मार्ग भित्र भौतिक सवुद प्रमाण फेला परेमा मार्ग बदल्नु पर्दछ ।

- घटनास्थलको प्रकार, घटनास्थको प्रकृति, अवस्था र भौतिक सवुद प्रमाण पाउन सक्ने सम्भावनाका आधारमा घटनास्थलको लम्बाई, चौडाई (आकार) निर्धारण गर्नु पर्दछ ।
- घटनास्थलको घेराबन्दी गरिसकेपछि "घटनास्थल प्रवेश निषेध" लेखिएको प्लेट, कार्ड बोर्ड तथा बोर्ड टाँस्ने ।
- घटनास्थलभित्र मान्छे तथा जनावरहरु प्रवेश गर्न नदिने ।
- घटनास्थलमा सुरक्षा घेरा स्थापना गरिसकेपछि घटनास्थलमा आउने र जाने मान्छेहरुको रजिष्टरमा अभिलेख (Log Book) राख्ने ।
- प्राकृतिक कारणहरु जस्तै हुरी, बतास, वर्षा आदि तथा मान्छेहरुबाट क्षति हुन सक्ने ज्वलनशील तथा संवेदनशील भौतिक सवुद प्रमाणहरुलाई प्रभावकारी उपाय र विकल्पद्वारा सुरक्षा र संरक्षण गर्ने ।
- यदि पीडित तथा भौतिक सवुद प्रमाणहरुलाई तिनीहरु रहेको वास्तविक ठाउँबाट अन्यत्र सारिएको छ भने वास्तविक ठाउँमा चिनो लगाई मुचुल्कामा जनाउँने ।
- सूचना संकलनका लागि सादा पोशाकमा रहेका सूचना संकलनकर्ताहरुलाई घटनास्थल वरिपरि रहेका मानिसहरु बीच परिचालन गर्ने ।
- पीडित, साक्षी, अपराधीको पहिचान भई नसकेको भए पहिचान गर्ने ।

**II. <u>फोटोग्राफी :</u>**

घटनास्थलमा गरिने अनुसन्धानको सबैभन्दा पहिलो काम घटनास्थलको छाँयाचित्र लिनु हो । घटनास्थलको फोटोग्राफी गर्दा निम्न कुराहरुमा ध्यान पुऱ्याउँनु पर्दछ :

- सर्वप्रथम घटनास्थल रहेको स्थान (Location) देखिने गरी विभिन्न कोणबाट दृश्य छायाँचित्र (Overview) लिने ।
- घटनास्थलमा समेटिने गरी (Mid Range) घटनास्थलको छायाँचित्र लिने । लाशको तस्वीर लिनु परेमा शीरदेखि पैतलासम्म आउँने गरी लाशको तस्वीर (Mid Range) लिने ।
- भौतिक सवुद प्रमाणको छायाँचित्र (Close up Photograph) लिँदा कम्तिमा दुई वटा छाँया चित्र लिने । एउटा वास्तविक अवस्थाको

छायाँचित्र (Photograph in SITU) र अर्को स्केल र लेबल राखेर तस्वीर लिने ।

**III. घटनास्थलको खेस्रा रेखाचित्रण :**

- अनुसन्धानकर्ता तथा क्इऋइ ले 'जमिनबाट नक्सा' (Ground to Map) विधि अनुसार घटनास्थलको खेस्रा रेखाचित्रण तयार गर्ने । उक्त रेखाचित्रणमा आँखाले देखेका वस्तुहरु समेत देखाउँने । खेस्रा रेखाचित्रण गर्दा घटनास्थलको उत्तरी दिशा रेखाचित्रणको शीर्ष भागमा पर्ने गरी बनाउने ।

**IV. घटनास्थल जाँच :**

- घटनास्थल जाँचकर्ताहरुले घटनास्थल जाँचको उपयुक्त विधिको प्रयोग गरी भौतिक सवुद प्रमाणको खोजी गर्ने गर्ने छन् । घटनास्थल जाँच गर्ने विधि निन्मानुसार रहेका छन् :
  - क्षेत्रीय विधि (Zonal Method)
  - घुमारो विधि (Spiral Method)
  - चक्काकार विधि (Wheel Method)
  - पाटे विधि (Strip Method)
  - दोहोरो पाटे विधि (Grid Method)
  - एक विन्दुबाट अर्को विन्दु पहिल्याएर जाँच गर्ने विधि (Point to Point Method)

- घटनास्थलमा प्राप्त भएका सवुद प्रमाणहरुलाई नंबर प्लेट (Scene Number) अथवा अन्य कुनै संकेत सूचक वस्तुले देखाईने छ ।
- भौतिक सवुद प्रमाणको अवस्थिति (Location) देखाउने सिन नंबरलाई राख्दा यौटै दिशातिर फर्काएर राख्नु पर्दछ ।

**V. भौतिक सवुदको फोटोग्राफी :**

- घटनास्थलको जाँच गरी भौतिक सवुद प्रमाणहरुको खोजी गरिसकेपछि भौतिक सवुद प्रमाणहरु देखिने गरी घटनास्थलको छायाँचित्र लिने ।

- भौतिक सवुद प्रमाणको नजिकबाट तस्वीर (Close up Photograph) लिने । यसरी तस्वीर लिँदा कम्तिमा दुई वटा तस्वीर लिने ।

**VI. रेखाचित्रण :**

- उपयुक्त विधिको प्रयोग गरी घटनास्लको रेखाचित्रण बनाउने । रेखाचित्रणमा घटनास्थलमा अवस्थित भौतिक सवुद प्रमाण र महशुर निसान (Premanet Feature) बीचको दूरी देखाउने । रेखाचित्रण गर्ने प्रमुख विधिहरु : त्रिकोणात्मक विधि, समकोण समतुल्य विधि आधार रेखा विधि, ट्रान्ज्याक्सनल विधि, ग्रिड विधि, ध्रुवीय समतुल्य विधि आदि ।
- रेखाचित्रण घटनास्थलको मुचुल्कासँगै वा छुट्टै कागजमा तयार गरी मिसिलमा राख्न सकिन्छ ।
- हरेक मुद्दाको मिसिलमा अनिवार्य रुपमा घटनास्थलको रेखाचित्रण समावेश गरिएको हुनु पर्ने छ ।

**VII. सवुद प्रमाण संकलन**

अनुसन्धान अधिकृतले सवुद प्रमाण संकलन गर्दा निम्न कुराहरुमा ध्यान पुऱ्याउँनु पर्नेछ ।

क) **कानूनी रीत पुऱ्याएर सवुद संकलन गर्ने (Obtain it Legally) :**

सम्पूर्ण सवुद प्रमाणहरु संकलन गर्दा कानूनी रीत पुऱ्याएर संकलन गर्नु पर्दछ । जसले गर्दा संकलित सवुद प्रमाणहरु अदालतलाई मान्य हुन सकोस् ।

**ख) सवुद प्रमाणको राम्ररी पहिचान गरेर मात्र संकलन गर्ने (Identity it Properly) :**

मुचुल्कामा सवुद प्रमाणको बारेमा सम्पूर्ण विवरण उल्लेख गर्ने । सवुद प्रमाण के हो ? कस्तो अवस्थामा थियो ? कहाँ, कसरी फेला पऱ्यो ? कहिले फेला पऱ्यो ? मिति र समय समेत सम्पूर्ण विवरणहरु उल्लेख गर्ने ।

- भौतिक सवुद प्रमाणहरुलाई अलग राखी छुट्टाछुट्टै संकलन गर्नु पर्दछ ।
- भौतिक सवुद प्रमाण संकलन गर्दा सम्भव भएसम्म भौतिक प्रमाण संकलनका सुनौला नियमको अनुसरण गर्ने । सुनौला नियम अनुसार भौतिक सवुद प्रमाण संकलन गर्ने सन्दर्भमा निम्न कुरालाई प्राथमिकतामा राखी संकलन गर्नु पर्दछ :

- सम्भव भएसम्म भौतिक सवुद प्रमाणको पूरै भाग संकलन गर्ने ।
- पूरै भाग संकलन गर्न सम्भव नभएमा आवश्यक भाग काटेर उठाउने ।
- काटेर उठाउन पनि सम्भव नभएमा खुर्केर उठाउने ।
- खुर्केर उठाउन सम्भव नभए सेतो कपासलाई डिष्टिल वाटरमा भिजाएर भौतिक सवुद प्रमाणलाई विस्तारै घुमाउरो तरिकाले पुछेर उठाउने ।

**ग) सवुद प्रमाण रीत पुऱ्याई पोको पार्ने (Package it Properly) :**

संकलित सवुद प्रमाण छुट्टाछुट्टै उपयुक्त भाँडोमा पोको पार्नु पर्दछ । सवुद प्रमाण संकलन गर्ने उपयुक्त भाँडोको चयन सवुद प्रमाणको विशेषता, प्रकृति बनावट र अवस्थामा आधारित हुन्छ । विशेष गरी काँच र प्लाष्टिकको ठूलो मुख भएको भाँडो, मजबुत कार्ड बोर्डको कार्टुन्स र कागजका खामहरु सवुद प्रमाण पोको पार्नका लागि उपयुक्त भाँडो (Container) हुन् ।

**घ) सवुद प्रमाणको विवरण उल्लेख भएको नामपत्र (Labelling) टाँस्ने :**

प्रत्येक सवुद प्रमाणलाई कानूनी रीत पुऱ्याएर प्याक गरिसकेपछि पोकोमा भौतिक सवुद प्रमाणको विवरण उल्लेख गरिएको नाम पत्र टाँस्नु पर्दछ । हालसम्म पोकोमा टाँस्ने नामपत्र (Label) को ढाँचा के-कस्तो हुने भन्ने सम्बन्धमा कानूनी प्रावधान नभए तापनि अनुसन्धान अनुसन्धानकर्ताले सवुद प्रमाणको सम्पूर्ण विवरण, संकलनकर्ताको दर्जा र नाम, संकलन गरिएको मिति, समय र मौसम साक्षीहरुको नाम, ठेगाना र हस्ताक्षर उल्लेख गरिएको नामपत्र टाँस्नु पर्दछ ।

**ङ) सुरक्षित सिलबन्दी गर्ने :**

सवुद प्रमाणलाई टुट्न फुट्न भाचिन, पोखिन र अर्को सवुदको नमुनासँग मिसिलबाट जोगाउँन सवुदको नमूना प्याक गरिएको पोकोलाई वरिपरिबाट राम्ररी सलबन्दी गर्नु पर्दछ ।

**च) सवुद प्रमाणको श्रृङ्खला कायम राख्ने (Maintain Chain of Custody) :**

घटनास्थलमा संकलन गसेदेखि अदालतमा पेश नगरुन्जेलसम्म सवुद प्रमाण जहाँ-जहाँ जसको जिम्मेवारीमा रहन्छ । सवुद प्रमाणको यस कडीलाई सवुद प्रमाणको श्रृङ्खला भनिन्छ । सवुद प्रमाणको श्रृङ्खलाभित्र निम्न जिम्मेवारीका क्षेत्रहरु पर्दछन् :

१. प्रहरी कायृलय (भण्डारण)
२. विधि विज्ञान प्रयोगशाला (सवुदको परिक्षण)
३. प्रहरी कार्यालय (सवुद परीक्षण पश्चात)
४. सरकारी वकिलको कार्यालय (अभियोजनको क्रममा)
५. अदालत (मुद्दाको पेशी तथा बहस पैरवी)

६. सवुद प्रमाणलाई कुनै एक ठाउँमा सकेसम्म छोटो समयसम्म राखी अनुसन्धानको प्रकृया अन्तर्गत समावेश गर्नु पर्दछ ।
७. सवुद प्रमाण भण्डारण गर्दा अनुकूल वातावरणमा भण्डारण गर्नु पर्दछ ।
८. घटनास्थलमा प्राप्त सवुद प्रमाण परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा पठाउँदा नियन्त्रण नमूना (घटनास्थलमा प्राप्त सवुद प्रमाणको स्रोत) सँगै तुलनात्मक अध्ययन (Comparision) का लागि पठाउँनु पर्दछ ।
९. सवुद प्रमाणहरु वैज्ञानिक परीक्षणका लागि पठाउँदा सकेसम्म छिटो पठाउँने व्यवस्था गर्नु पर्दछ ।
१०. भौतिक सवुद प्रमाणहरुलाई सधैं प्रदुषित (Contaminated) हुनबाट बचाउँनु पर्दछ ।

## VII. मुचुल्का लेखन :

**घटनास्थल वस्तुस्थिति मुचुल्का :**

- कुनै घटनाको विषयमा देख्ने जान्ने वा सुन्ने व्यक्तिहरुले सो विषयमा लेखाई दिएको लिखत ।
- अपराधको अनुसन्धान तहकिकातको सिलसिलामा प्रारम्भिक रुपमा वारदात स्थल वा त्यसको वरपर विभिन्नवस्तुमा अभियुक्तले पारेको प्रभाव वा कुनै न कुनै चिन्ह छाडेको हुन्छ यस्ता सवुदहरुको खोजी गरी त्यसको यथारुप र अवस्थाहरु कागजमा उतारी घटनास्थलको सचित्र वा वास्तविक रुप प्रस्ट्र्याउने उद्देश्यले तयार गरिने लिखत ।

**घटनास्थल वस्तुस्थिति मुचुल्का बनाउनु पर्ने, बनाउन सकिने अवस्थाहरु :**

- घटनास्थल वस्तुस्थिति मुचुल्काले वारदात भएको पुष्टि गर्न सहयोग गर्नु पर्छ ।
- वारदात पुष्टि नहुने अबस्थामा त्यस्तो मुचुल्काको कुनै प्रमाणिक महत्व हुदैन ।
- अपराध भएको तथ्यलाई पुष्टि गर्ने प्रमाण वा परिवेश भएको घटनास्थलको मात्र मुचुल्का गर्न सकिन्छ ।
- तर हालको स.मु.स. ऐन, २०४९ बमोजिम उक्त ऐनको अनुसूची १ अन्तर्गतका सम्पूर्ण अपराधका सम्बन्धमा घटनास्थल मुचुल्का तयार पार्नु पर्ने दायित्व प्रहरीलाई सुम्पिएको छ ।

**मुचुल्का बनाउन नसकिने वा नपर्ने अवस्था :**

- **बारदात पुष्टि गर्न सक्ने परिस्थिति नभएको घटनास्थल :** जस्तै चोट नलागेको ज्यान मार्ने उधोग, जीउ मास्ने बेच्ने , लागू औषध बेच बिखन ओसार पसार आदि ।
- **बहिर्क्षेत्रिय अधिकार क्षेत्र प्रयोग हने अपराध** : जस्तै विदेशमा बसि स्वदेशको विरुद्ध जासुसी गरेको, विदेशमा बसी नेपालमा लागू औषध निकासी पैठारी गरेको अपराध आदि ।
- **घटनास्थल निश्चित नहुने अपराध :** जस्तै जिउ मास्ने बेच्ने –नुवाकोटमा फकायो, काठमाण्डौमा ल्याई १५ दिन राख्यो , विरगञ्ज रक्सौल हुँदै भारत लैजान लाग्दा सिमा क्षेत्रमा पक्राउ पर्‍यो ।

➢ **लागू औषध :** हेटौडामा किन्यो, सुनसरीमा स्टोर गो, काकडभिटा हुदै सिलुगुढि जाँदा पक्राउ पऱ्यो ।

**<u>घटनास्थल बस्तुस्थिति मुचुल्कामा खुलाउनु पर्ने कुराहरु :</u>**

***स. मु. स. ऐन २०४९ को दफा ७ (२) बमोजिम निम्न कुराहरु खुलाउनु पर्दछ :***

१. अपराध भएको ठाउको विवरण ।

२. सो ठाउको वस्तुस्थिति तथा अपराध र अपराधीसँग त्यसको सम्बन्ध ।

३. अपराध गरेको ठाउ वा त्यसको वरपर देखिएको वा पाईएको अन्य कुनै उल्लेखनीय कुरा ।

**<u>मुचुल्कामा रोहवरमा राख्नु पर्ने मानिसहरु :</u>**

१. सम्बन्धित स्थानिय निकायका जन प्रतिनिधि वा सो नभए एक जना सरकारी कर्मचारी ।

२. स्थानीय व्यक्तिहरु कम्तिमा दुई जना ।

३. फेला परे सम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्ति वा जाहेरवाला ( तर अभियुक्त र सूचना दिने व्यक्ति रोहवरमा नराखेको कारणले मात्र त्यस्तो काम कारबाहि बदर हुने छैन) ।

**<u>मुचुल्का तयार पार्दा ध्यान दिनु पर्ने कुराहरु :</u>**

१. घटनास्थल बस्तुस्थितिको मुचुल्का स मु स नियमावलि २०५५ को अनुसूचि ८ मा तोकिएको ढाँचामा तयार गर्नु पर्छ ।

२. यस्तो लिखत तयार पार्दा निश्चित कानुनि प्रकृया पुरा गरि तयार गर्नु पर्छ ।

३. घटना भएको यथा शिघ्र घटनास्थल मुचुल्का बनाउनु पर्छ ।

४. चार किल्ला खोल्दा अचल सिमा उल्लेख गर्नु पर्छ ।

५. वतन खोल्दा स्पष्ट खोल्ने ।

६. बन्द स्थानलाई पहिले चार किल्लाले बाधि एकिन गरि सो भित्र रहेको घर सवारी साधन, गोठ वा यस्तै स्थानको के कुन तलामा कस्तो स्थान वा कता तर्फ भन्ने खुलाउनु पर्दछ (७) मुचुल्का घटनास्थलमा बसी लेख्नु पर्दछ । साक्षीको भनाईको आधारमा मुचुल्का तयार गर्दा घटनास्थलको यथार्थ चित्रण गर्न मुचुल्का असक्षम हुन्छ ।

७. घटनास्थलमा भएको सवुद प्रमाणहरु कुन स्थानका कस्तो अबस्थामा थिए भन्ने कुरा उल्लेख गर्नु पर्छ ।

८. मुचुल्का लेख्नेले घटनास्थलको प्रत्यक्ष अबलोकन गरेको हुनु पर्छ ।

९. मुचुल्कामा उल्लेख भएका प्रमाणिक महत्वका सवुदहरु कमबद्ध रुपमा संकलन गरि प्याकिङ गरी सो मा साक्षिको सहिछाप गराई प्रहरीले आफनो जिम्मा लिनु पर्छ र सो को व्यहोरा मुचुल्कामा जनाउनु पर्दछ ।

१०. मुचुल्कामा उल्लेख भएका तर प्रमाणको रुपमा प्रहरीले कब्जामा लिन नपर्ने सामानहरु भए सरोकार वालालाई जिम्मा दिई दिएको व्यहोरा मुचुल्कामा नै जनाउनु पर्दछ वा छुट्टै भरपाई गरी लिनु पर्छ ।

➢ कानूनी रीत पुऱ्याएर फरमेट बमोजिम घटनास्थल तथा लाश जाँच मुचुलका तयार गर्ने ।

- घटनास्थल मुचुल्का लेख्ने कार्य घटनास्थलमा नै गर्ने ।

## VIII. घटनास्थल अनुसन्धान प्रकृया (Crime Scene Processing) :

- घटनास्थलको अवलोकन गर्ने ।
- अनुसन्धान टोलीलाई कार्य विभाजन गरी व्रिफिङ्ग गर्ने ।
- घटनास्थल अनुसन्धानको योजना तयार गर्ने ।
- घटनास्थल घेराबन्दी गरी सुरक्षा गर्ने तथा पहुँच मार्ग (Approach Path) को निर्माण गर्ने ।
- घटनास्थलको छायाँचित्र लिने ।
- घटनास्थलको जाँच गरी भौतिक सवुद प्रमाणको खोजी गर्ने ।
- भौतिक सवुद प्रमाणको पहिचान गरी सिन नंबर वा अन्य संकेत सूचक वस्तुद्वारा भौतिक सवुद प्रमाणलाई देखाउँने (To Locate) ।
- घटनास्थल तथा भौतिक सवुद प्रमाणको छायाँचित्र लिने ।
- घटनास्थलको रेखाचित्रण तयार गर्ने ।
- मुचुल्का तयार गर्ने ।
- भौतिक सवुद प्रमाण संकलन गर्ने ।
- प्रत्येक भौतिक सवुद प्रमाणलाई छुट्टाछुट्टै उपयुक्त भाँडोमा पोको (Packing) पार्ने । एउटा सवुद अर्को सवुदसँग मिसिन गई प्रदुषित (Contaminate) हुनबाट बचाउँने ।
- भौतिक सवुद प्रमाणको पोकोलाई सिलबन्दी गर्ने ।
- पोको बाहिर भौतिक सवुद प्रमाणको सम्पूर्ण विवरण उल्लेख गरिएको नामपत्र -Label) टाँसी साक्षीको हस्ताक्षर गराउँने ।

## गहन अनुसन्धान (Follow up Investigation) :

- सूचना संकलनकर्तालाई परिचालन गर्ने ।
- अपराधीहरुको अभिलेखको अध्ययन गर्ने ।
- अन्य अपराधका फरार अपराधीहरुकककाे अपराधिक पृष्ठभूमी अध्ययन गर्ने ।
- अपराधको सम्बन्धमा संचार माध्यममा प्रचार-प्रसार भएका समाचारहरु संकलन गरी विश्लेषण गर्ने ।
- अपराधीको सम्पर्कमा रहेका व्यक्तिहरुको निगरानी गर्ने ।

- शंकित व्यक्तिहरुको फोन सर्म्पक विवराण (Call Details) प्राप्त गरी विश्लेषण गर्ने ।
- Call Details को गोपनीयता कायम गर्ने ।
- फरार अपराधी खोजी तथा पक्राउ गर्ने ।

**<u>पक्राउ सम्बन्धी कानूनी व्यवस्था</u>**

**<u>मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा पत्र १९४८</u>**

कुनै पनि व्यक्तिलाई विना कारण थुनामा राखिने छैन पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको कारणको सूचना यथासक्य चाँडो दिनु पर्दछ । २४ घण्टा भन्दा बढी थुनामा राख्नु पर्ने भएमा न्यायिक अधिकारीको स्वीकृति लिएर मात्र थुनामा राख्न सकिने छ ।

**<u>नेपालको अन्तरिम संविधान २०६३</u>**

धारा २४, १ पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथासक्य चाँडो नदिई थुनामा नराखिने ।

धारा २४, ३

पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटोको म्याद बाहेक २४ घण्टा भित्र पक्राउ गर्ने अधिकारी समक्ष उपस्थित गराउने ।

धारा २४, ५

पक्राउ गरिएको र थुनामा व्यक्ति प्रमाणित नहुने बेलासम्म निर्दोष हुने ।

धारा २५, १

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलन पर्ने प्रयाप्त आधार नभई कसैलाई निवारक नजरबन्दमा नराखिने ।

**<u>विना वारेन्ट पक्राउ :</u>**

प्रहरी कर्मचारीले विना वारेन्ट देहायका व्यक्तिलाई पक्राउ गर्न सक्छ । (प्रहरी ऐन, २०१२ दफा १७)

- कानूनले ३ वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न लागेको छ भन्ने थाहा पाएको व्यक्ति ।
- फरार घोषित गरिएको पक्रन पर्ने अपराधी ।
- कर्फ्यू लागेको समयमा हिडडुल गर्ने व्यक्ति ।
- मनासिव कारण नभई रातमा हातहतियार खरखजना लिई हेडेका व्यक्ति ।
- कानून अनुसार थुनिएको ठाउँबाट भागेको व्यक्ति ।

- नेपाली सेना वा प्रहरी फोर्स छाडी भागेको व्यक्ति ।
- प्रहरी ऐन २०१२ को परिच्छेद ६ बमोजिम हुने अपराधहरु (कडा अपराध, अन्य कडा अपराध र अरु अपराधहरु गरेको छ भन्ने शंका लागेको व्यक्ति ।

**<u>पक्राउ पूर्जी</u>**

कुनै पनि व्यक्तिलाई कुनै कसुरमा पक्राउ गरी हिरासतमा राखेपछि निजलाई निजले गरेको कसुर र पक्राउ गर्नुको मनासिव कारण खोली तत्कालै पक्राउ पूर्जी दिनु पर्दछ ।

**<u>पक्राउ गर्दा ध्यान दिनुपर्ने कुराहरु</u>**

(क) कानूनी पक्ष

(ख) व्यवहारिक पक्ष

**<u>(क) कानूनी पक्ष</u>**

१. **<u>आवश्यक बस्तु संरक्षण ऐन २०१२ :</u>**

कसुरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जवरजस्ती छलकपट गरी भाग्न उम्कन खोज्यो भने त्यस्तालाई उम्कन दिनु हुदैन । सो गर्दा हात हतियार नचलाई नहुने भएमा प्रहरी फोर्सका प्र.ह. वा सो भन्दा माथिको कुनै अधिकृतले वा नेपाली सेनाका पति वा सो भन्दा माथिको अधिकृतले आफैं वा आफ्ना मातहतका अरुलाई अर्डर दिई भरसक घुडाँ मुनि गोली हानी पक्राउ गर्नु पर्दछ । लेखिउ बमोजिम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा सम्बन्धित कर्मचारीलाई बात लाग्ने छैन ।

२. **<u>प्रहरी ऐन २०१२ को दफा १७ (विना वारेण्ट पक्राउ गर्ने अधिकार)</u>**

३. **<u>प्रतिनिधि सभा वा राष्ट्रिय सभा सदस्यको पक्राउ सम्बन्धमा</u>**

संविधान सभा वा व्यवस्थापिका संसदका सदस्यलाई पक्राउ गर्न परेमा संसदको अधिवेसन बोलाएको सूचना जारी भएपछि अधिवेसन चलुन्जेल पक्राउ गर्न नमिल्ने तर कुनै फौजदारी अभियोगमा कुनै सदस्यलाई कानून अनुसार पक्राउ गरिएमा पक्राउ गर्ने अधिकारीले त्यसको सूचना सम्बन्धित सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्तै दिनु पर्दछ ।

४. **<u>लागू औषध नियन्त्रण ऐन २०३३ दफा ८ (विना वारेन्ट प्रवेश, खानतलासी, कब्जा र गिरफ्तार गर्ने अधिकार)</u>**

- यस ऐन अन्तर्गतको कुनै अपराध कुनै घर, जग्गा सवारी वा ठाउँमा भई राखेको छ र तुरुन्तै केही कारवाही नगरेमा भागी जाने वा प्रमाण लोप हुने सम्भावना भएमा कम्तीमा प्र.स.नि. दर्जासम्मको अधिकृतले पर्चा खडा गरी जुनसुकै बखत पक्राउ गर्न सक्ने छ ।
- घर, जग्गा वा सवारी साधनमा प्रवेश गर्ने ।
- प्रवेश गर्ने वा बाधा विरोध भएमा ढोका फोरी प्रवेश गर्ने वा बाधा विरोध हटाउने ।
- लागू औषध र अन्य सामान वा प्रमाण फेला परेमा कब्जामा लिने ।
- शंका लागेको जुनसुकै व्यक्तिलाई खानतलासी लिने र आवश्यक देखिएमा पक्राउ गर्ने ।

**५. हातहतियार तथा खरखजाना ऐन, २०१९ दफा ५, १**

लाईसेन्स वेगर वा लाईसेन्स भए तापनि कुनै गैह्र कानूनी कारवाही गर्ने हेतुले कुनै व्यक्तिले हातहतियार खरखजाना नेपाल अधिराज्यबाट विदेशमा वा विदेशबाट नेपाल अधिराज्य भित्र वा नेपाल अधिराज्यको एक जिल्लाबाट अर्को जिल्लामा ओसार-पसार गरेको शंका लागेमा प्रहरी सहायक निरीक्षक दर्जा वा सो भन्दा माथिको दर्जाले त्यस्तो व्यक्तिको जीउ, वस्तु भएको शंका लागेको गाडी, पोका, भारी खानतलासी गर्न र त्यस्तो वस्तु फेला परेमा विना वारेन्ट गिरफ्तार गर्न र हातहतियार कब्जा गर्न सक्छ ।

**६. स.मु.स. ऐन दफा ४**

कुनै पनि कर्मचारीले अनुसूची १ मा उल्लेखित कनै अपराध भएको वा भई रहेको वा हुन लागेको जानकारी पाएमा अपराधी भाग्न उम्कन नपाउने व्यवस्था गर्नु पर्दछ ।

आवश्यकता अनुसार अन्य प्रहरी कार्यालयको क्षेत्रमा समेत गई आवश्यक कारवाही गर्न सक्नेछ । यसरी कारवाही गरिएमा त्यसको सूचना यथासंभव चाँडो सो प्रहरी कार्यालयलाई दिनु पर्दछ ।

**दफा १४**

- यस ऐन बमोजिम कुनै पनि अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्ने मनासिव कारण भएको व्यक्तिलाई पक्रउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहित सूचना नदिई थुनामा राखिने छैन ।

- कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ ।
- उपदफा १ बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई कुनै व्यक्तिले आत्म समर्पण गर्न आदेश दिनु पर्दछ । कुनै व्यक्तिले आत्म समर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ ।
- कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासंभव महिला प्रहरीबाट पक्रन लगाउनु पर्नेछ ।
- यस दफा बमोजिम पक्रिएको व्यक्तिको तलासी लिँदा फेला परेको कुनै प्रमाण लिखित वा अन्य कुनै चिज वा खरखजाना, हातहतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ ।

७. **<u>मुलुकी ऐन, अ.व. ११६ र ११७</u>**

वारेन्ट जारी भएका र हातहतियार मुद्दाका अभियुक्तलाई जुनसुकै बेला त्यस बाहेकमा सूर्योदयदेखि सुर्यास्तसम्म र महिलालाई पक्राउ गर्दा महिला प्रहरी नै वा दुई प्रहरीले नाडीमा समाई पक्राउ गुर्न पर्ने ।

**<u>(ख) व्यवहारिक पक्ष</u>**

- पक्राउ गरेपछि यथासक्य छिटो खानतलासी लिने ।
- अनावश्यक हैरानी र असभ्य व्यवहार नगर्ने ।
- स्वास्नी मानिससँग अनावश्यक ठट्टा, मस्करी नगर्ने ।
- उचित शिदा र बासको व्यवस्था गर्ने ।
- रोजनाम्चामा लेख्ने ।
- मजकुर कार्यालयमा जाहेर गर्ने ।
- भाग्न उम्कन नपाउने गरी सुरक्षा मिलाउने ।
- पक्राउ भई थुनामा रहेको व्यक्तिको स्वास्थ्यको ख्याल गर्ने ।
- न्यूनतम बल प्रयोग गर्ने ।
- यौन दुर्ववहार नगर्ने । (स्वास्नी मानिसलाई)
- नातेदारलाई भेटधाटको व्यवस्था मिलाउने ।
- पक्राउ परेको व्यक्तिको व्यक्तिगत सम्पत्तिको सुरक्षा गरिदिने ।

## <u>खानतलासी तथा बरामदी (Search and Seizure) :</u>

**अनुसन्धानको दृष्टिकोणबाट :**

अपराधसँग प्रमाण लाग्ने कुनै व्यक्ति वा मालवस्तु कुनै घर वा स्थानमा लुकाई राखिएको छ भन्ने शंका लागेमा वा भरपर्दो सूचना प्राप्त भएमा दर्जा पुगेका अनुसन्धान अधिकृतले शंकित व्यक्ति, स्थान र वस्तुको निरीक्षण गरी तलासी लिने प्रकृया खानतलासी हो ।

**बरामद :**

नेपाली कानूनी शव्दकोषका अनुसार बरामद भन्नाले चोरिएका वा हराएका वस्तु फेला पार्ने काम, खानतलासीबाट प्राप्त वा दाखिला हुन आएका माल वस्तु ।

खानतलासीका क्रममा फेला परेका माल वस्तु आफ्नो नियन्त्रण वा कब्जामा लिने, राख्ने कार्यलाइ बरामद भनिन्छ ।

**खानतलासी तथा वरामदी सम्बन्धी कानूनी प्रावधान :**

खानतलासीबाट मानिसको मूलतः सम्पत्ति सम्बन्धी, गोपनियता सम्बन्धी अधिकार र आवासीय स्वतन्त्रताहरु प्रभावित हुन्छन् । यसवाट शंकित वा अभियुक्तको मात्र नभएर पुरै परिवारको मानव अधिकारमा समेत असर पुग्दछ ।

**नेपालको अन्तरिम संविधान, २०६३**

**धारा १२ : स्वतन्त्रताको हक :**

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ, कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण हुने छैन ।

**धारा २८ : गोपनियताको हक :**

कुनै पनि व्यक्तिको जीउ, आवाश, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार, चरित्र सम्बन्धी कुराहरुको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिकम्य हुनेछ ।

**प्रहरी ऐन, २०१२ प्रहरी - कर्मचारीको कर्तव्य**

"अपराधको रोकथाम गर्नु र जनतालाई अनावस्यक झन्झटमा पर्नबाट जोगाउनु" लाई समेत राखेकाले खानतलासी तथा वरामद गर्दा सभ्य तरिकाले गर्नुपर्ने हुन्छ । -दफा १५ (ख, ग)

**सरकारी मुद्धा सम्बन्धी ऐन, २०४९ दफा १०**

- अपराधको अनुसन्धान गर्ने प्रहरी कर्मचारीले अपराधसँग सम्बन्धित कुनै व्यक्ति वा दशी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शँका गर्नुपर्ने मनाशिव कारण

भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिमको खानतलासी लिन सक्नेछ ।

- अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र खानतलासी गर्नूपर्ने भए सो कार्यालयलाई अनुरोध गर्न सक्नेछ तर प्रमाण नष्ट हुने देखिएमा जनाउ दिइ आफै गई खानतलासी गर्न सक्ने ।
- प्र.स.नि. सम्मको प्रहरी कर्मचारीले खानतलासी गर्न सक्ने ।
- महिलाको खानतलासी महिलाबाट गराउनु पर्ने ।

## मानव अधिकारको विश्वब्यापी घोषणापत्र १९४८ :

### धारा १२ :

कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचारमा जथाभावि हस्तक्षेप गरिने छैन । उसको सम्मान र ख्यातिमा पनि अतिक्रमण गरिने छैन । हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानूनी संरक्षण पाउने अधिकार छ ।
अतः कानूनद्वारा स्पष्ट व्यवस्था नगरिकन वा प्रचलित कानूनले किटान गरेको तरिका नपुऱ्याईकन खानतलासी गर्न नहुने र गरेमा त्यस्तो स्वच्छ न्यायको अवधारणालाई समेत असर पार्दछ ।

## खानतलासी तथा वरामदी सम्बन्धी विधि

*समयको पालना मू.ऐ.२०२० को अ.वं. १७२*

- वारेण्ट जारी हुने अपराधमा जनाउ दिई जुनसुकै बखत घर भित्र पसी तलासी लिन हुन्छ तर वारेण्ट जारी हूने वाहेकका अन्य अपराधका सम्बन्धमा तलासी लिनु पर्दा सूर्योदयदेखि सूर्यास्तसम्मको अवधिमा मात्र घर भित्र पसी तलासी लिनु पर्दछ ।
- तलासी गर्नुपर्ने चीज वस्तु व्यक्ति खानतलासी गर्न लागिएको स्थानमा छ भन्ने कारण र बरामद गर्न खोजिएको वस्तुको विवरण समेत उल्लेख गरेर घरको मूली वा जिम्मा लिएको व्यक्तिलाई सूचना दिने ।
- त्यसरी सूचना प्राप्त भएपछि घरधनी वा जिम्मा लिएको व्यक्तिले प्रहरीलाई खानतलासी गर्न दिनुपर्दछ ।
- घरमूली वा जिम्मा लिएको व्यक्तिले सूचना प्राप्त गरिसकेपश्चात् पनि प्रवेश गर्न नदिएमा खानतलासी गर्नुपर्ने स्थानमा स्वास्नी मानिस हट्ने सूचना मौका दिई आवश्यकता अनुसार झ्याल, ढोका फोडी तलासी गर्न सक्नेछ ।
- घरमा कोही नभएमा पनि माथि उल्लेख गरिएकै प्रक्रिया पुऱ्याई खानतलासी गर्ने ।

- जुनसुकै अवस्थामा पनि तलासीको निमित्त प्रवेश गर्नुपर्दा स्थानीय निकायको प्रतिनिधी - १, २ जना स्थानीय व्यक्ति र घरधनी वा उसको प्रतिनिधि समेतलाई साक्षी राखी तलासी लिने र साक्षी बस्ने सबैको शरीरको तलासी लिई केही वस्तु नलिई प्रवेश मुचुल्का बनाई सो घर वा ठाउँभित्र पसी तलासी लिनु पर्दछ।
- स्वास्नी मानिसको तलासी लिनु पर्दा स्वास्नी मानिसद्धारा नै लिन लगाउनु पर्दछ।
- तलासी गर्दा फेला परेको मालसमान वा वस्तूको सबै विवरण र सो पाइएको ठाँउको मूचूल्का बनाई गर्नुपर्छ र साक्षी बस्नेको सबैको सहीछाप गराउनु पर्दछ। १ प्रति मुचुल्का सम्बन्धित घरधनीलाई दिनु पर्दछ।
- प्रहरीले आफ्नो कब्जामा लिई गएको समानको भरपाई सम्बन्धित घरधनीलाई दिनु पर्दछ।
- तलासी लिई सकेपछि सो लिएको ३ दिन भित्र तलासी लिएको कारण र तलासी लिएको वस्तु वा धनमाल ईत्यादीको विवरण सहितको मुचुल्काको नक्कल मुद्दा हेर्ने अड्डामा पठाउनु पर्ने।
- यसैगरी कर्तव्य पालना गर्ने उदेश्यले प्रहरीले दफा १५ ख र ग बमोजिम कसैको घर वा स्थानमा विना वारेन्ट प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी अधिकृतले सो कुराको कारण सहितको लिखित जानकारी तथा यथासक्य चाँडो प्र.जि.अ लाई दिनु पर्नेछ दफा १५ (३) ।
  अपराध अनुसन्धान तहकिकातको कामकारवाही गर्दा वा गराउँदा खास गरी नेपालको अन्तरिम संविधान २०६३, मुलुकी ऐन २०२०, स.मु.स. ऐन २०४९, प्रहरी ऐन २०१२ तथा नियमावली २०५५, अन्य विशे ऐन तथा नियमहरुको समेत पालना गर्नु पर्दछ।

## म्याद थप र म्याद तामेली

### वारेन्ट :

सरकावदी हुने गहन प्रकृतिका अपराधका सम्बन्धमा अनुसन्धाबाट खुल्न आएका अभियुक्तहरु उक्त मुद्दा दायर हुँदाको समयसम्म पनि पक्राउ नपरी फरार रहेका रहेछन् भने त्यस्ता फरार अभियुक्तलाई तदारुकताका साथ खोज तलास गरी फेला परे पक्राउ गरी बाटोमा भाग्न उम्कन नपाउने गरी यस अड्डामा पठाई दिनु भनी मुद्दा हेर्ने अदालतले सम्बन्धित प्रहरी कार्यालय वा प्रहरी कर्मचारीका नाममा अ.ब. ९८ नं. बमोजिम पठाउने पत्रलाई वारेन्ट भनिन्छ। यो २ प्रति हुन्छ।

### समाव्हान :

वारेन्ट जारी नहुने खालका अरु सरकारवादी फौजदारी मुद्दाका फरार अभियुक्तलाई अदालतमा हाजिर हुन आउनु अन्यथा कानून बमोजिम मुद्दा फैसला हुनेछ भनी ३० दिनको समय दिई प्रहरी कार्यालय मार्फत पठाएको सूचना पत्रलाई समाव्हान भनिन्छ । यो ३ प्रति हुन्छ ।

**ईतलायनामा :**

कुनै पनि देवानी मुद्दामा हाजिर भई नसकेका प्रतिवादीहरुलाई तिम्रो विरुद्ध यस्तो किसिमको मुद्दा परेको हुँदा आफ्नो सफाईको लागि ३० दिन भित्रमा प्रमाण भए सो समेत लिई यस अदालतमा हाजिर हुन आउनु भनि पठाएको सूचनालाई ईतलायनामा भनिन्छ ।

**म्याद पूर्जी :**

वारेन्ट अवधिभर खोज तलास गर्दा पनि उक्त व्यक्ति पक्राउ हुन सकेन भने ७ दिन पछि उक्त वारेन्ट वदर हुन्छ । वारेन्ट वदर भएपश्चात उक्त अभियुक्तलाई सम्बन्धित अदालतमा हाजिर हुन जानको निमित्त ७० दिनको म्याद दिई अदालतले नै सो व्यक्तिको नाममा पूर्जी जारी गर्दछ । जसलाई म्याद पूर्जी भनिन्छ । वारेन्टको साथसाथै त्यस्तो म्याद पूर्जी पनि अदालतले प्रहरी कार्यालयमा पठाईदिएको हुन्छ । जुन अ.ब.को ९९ नं. बमोजिमको ढाँचामा रहन्छ र यो ३ प्रति हुन्छ ।

**म्याद :**

अड्डाले कुनै व्यक्तिलाई यति दिन भित्रमा यस अड्डामा उपस्थित हुन आफैं आउनु भनी सूचनामा ताकिदिएको अवधि अर्थात मुद्दा परिसकेपछि प्रतिवादी वा फरार रहेका अभियुक्तका नाममा फैजदारी मुद्दा भए ३० दिनको समाव्हान र गहन प्रकृतिका फौजदारी मुद्दा भए ७० दिनको म्याद पूर्जी र देवानी मुद्दा भए प्रतिवादीको नाममा ३० दिनको ईतलायनामा पठाउँदछ, तिनै पूर्जीमा उल्लेखित अवधीलाई म्याद भनिन्छ ।

**म्याद थप :**

अदालतबाट हाजिर आउन दिईएको म्याद गुर्जेकोमा मुलुकी ऐन अ.ब. को महलको ५९ र ६२ नं. को प्रकृया बमोजिम दिईएको थप अवधिलाई म्याद थप भनिन्छ ।

**म्याद थप गर्दा विचार पुऱ्याउनु पर्ने कुराहरु :**

- मुद्दा दर्ता भईसकेको हुनु पर्दछ ।

- म्याद थप गर्न लैजानु भन्दा अगावै निजलाई चोटपटक लागेको भए सो को घाउ जाँच गराई राख्नु पर्दछ किनकी म्याद थपको लागि अदालत लैजाँदा उसले आफ्नो घाउ जाँच गराई पाऊ भनि निवेदन गर्न सक्दछ । अदालतको आदेशबाट घाउ जाँच गराउँदा चोट पटक देखिएमा हिरासतमा भएको कुटपिट ठहरिन सक्दछ । सो बापत यातथा तथा क्षतिपुर्ती ऐन २०५३ बमोजिम विभागिय कारवाही हुन जानुका साथै अनुसन्धान समेत फितलो हुन जान्छ ।
- म्याद थप गर्न लैजाँदा २४ घण्टाको अवधि नाघिसकेको भए अदालतले म्याद थप नगरी नै छाडी दिन सक्छ साथै म्याद थप नगराई २४ घण्टा भन्दा बढी अवधिसम्म थुनामा राखेको देखिएमा बेरितसँग थुन्दाको महल बमोजिम कारवाही हुनुको सार्थ प्रतिवादी पनि छुट्दछ ।

**<u>म्याद थप गर्न पठाउँदा खुलाउनु पर्ने कुराहरु :</u>**

- निज उपर कुन अभियोग लागेको छ ?
- सो अभियोग नीजलाई लगाईनुको आधार के छ ?
- थुनामै राखी तहकीकात गर्नु किन आवश्यक पर्‍यो ?
- वयान कागज गराई सकेको भए वयानमा के कस्तो व्यहोरा उल्लेख भएको छ ?

*नोट :- म्याद थपको लागि पठाईएको पत्रमा उपरोक्त बुँदाहरुको व्यहोरामा अदालतको विश्वास नभएमा वा सन्तोष नलागेमा म्याद थप नदिई बन्दि नै छाड्ने आदेश दिन सक्दछ । तसर्थ उपरोक्त बुँदाका सम्बन्धमा स्पस्ट खुलाउनु पर्दछ ।*

**<u>म्याद (म्याद पूर्जी/समाव्हान) तामेल गर्ने कार्यविधि अ.ब. ११० अनुसार :</u>**

- पक्राउ गर्नु पर्ने व्यक्ति फेला परे वारेन्ट पूर्जी जस्तै हात-हातै बुझाएर ।
- सम्बन्धित व्यक्ति फेला नपरे एकाघरको जहानमा उमेर पुगेका कुनै व्यक्तिलाई बुझाई तामेल गर्ने ।
- एकाघरका मानिस फेला नपरे वा फेला परेता पनि बुझि नलिए घर दैलोमा टाँसी तामेल गर्ने ।
- अ.ब. ११२ अनुसार
- घर दैलो पत्ता नलागेमा गाउँ शहर टोलसम्म खेलेकोमा सोही स्थानको सार्वजनिक स्थलमा टाँस गरी तामेल गर्ने ।
- गाउँ शहर टोल पनि पत्ता नलागेकोमा उक्त म्याद पूर्जी जारी गर्न अड्डाको नजिक सबैले देख्ने स्थानमा टाँस गरी तामेल गर्नु पर्दछ ।

*नोट :- टाँस गरेर तामेल गरेकोमा तेश्रो प्रतिमा सो तामेली मिति जनाई सम्बन्धित गा.वि.स./न.पा.मा बुझाई भर्पाई लिनु पर्दछ । वा तामेली प्रतिको पीठमा नै जनाई*

*सहिछाप गराई लिनु पर्दछ । म्याद तामेल गर्दा दुई जना भद्र भलादमी साक्षी राखी गा.वि.स./न.पा.को सदस्य वा प्रतिनिधिको रोहोवरमा तामेल गर्न जाने समेतको तामेली प्रतिको पीठमा सहिछाप गर्नु पर्दछ । तामेली प्रति अड्डामा पठाउनु पर्दछ । गा.वि.स. वा न.पा. लाई एक प्रति नबुझाएकोमा तामेल कर्तालाई पटकै पिच्छे रु. १००/- सम्म जरिवाना हुन्छ । हात-हातै बुझाएकोमा भने पक्राउ गरि सो जारी गर्ने अड्डामा बुझाउनु पर्दछ ।*

**साक्षी संरक्षण :**

**साक्षी :**

- मुद्दामा प्रमाणको रुपमा प्रस्तुत गरिने बिभिन्न प्रमाण भध्ये मौखिक प्रमाण साक्षी हो ।
- यो जिवित प्रमाण पनि हो ।
- कलिलो उमेर, अति वृद्ध, शारिरिक वा मानसिक रोग वा अन्य कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने र त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने बाहेक जुनसुकै व्यक्ति साक्षी हुन सक्छ ।
- अनुसन्धान अधिकारी समक्ष अपराधका बारेमा जानकारी दिने वा सो कुरा अदालत वा अर्धन्यायिक निकाय गई बकपत्र गर्ने व्यक्ति साक्षी हो ।
- पिडित, मतियार लगायत घटनाका बारेमा जानकारी हुने व्यक्ति साक्षी हुन सक्छन् ।

**साक्षीको संरक्षण :**

- साक्षीहरुलाई उनीहरुले गरेको बकपत्र वा गर्ने बकपत्रका कारण सहनुपर्ने अपमान, पुग्नसक्ने अवरोध र आघात तथा खतराबाट मुक्त राख्ने कार्य ।
- साक्षीको मानवीय प्रतिष्ठाको सुनिश्चितता र सम्मान जस्ता हक अधिकारको प्रत्याभूती ।
- साक्षीको मानसिक, भौतिक र आर्थिक सुरक्षा ।

**साक्षीको संरक्षणको आवश्यकता :**

- साक्षीको बैयक्तिक स्वतन्त्रता, मानव प्रतिष्ठा लगायतका अधिकारको सम्मान र संरक्षण गर्न ।
- साक्षीलाई संभावित शारीरिक, भौतिक, मानसिक खतराबाट जोगाउन ।
- पीडित साक्षीउपर पुगेको मानसिक, सारीरिक, आर्थिक , सामाजिक, सांस्कृतिक पिडा र क्षतिको पूर्ती वा न्यूनिकरण गर्न ।
- पीडित साक्षीलाई पूर्व अवस्थामा पुनः स्थापित गराउन ।
- प्रमाण लोप हुन नदिन ।

- साक्षीलाई Hostile हुन नदिन ।
- पीडकलाई सजाय  दिलाई पिडितलाई न्याय दिलाउन ।
- पीडितको न्यायमा पहुच र न्यायको प्रत्याभूती गर्न ।

**नेपालमा साक्षी संरक्षण सम्बन्धी कानून**

- नेपालमा साक्षीको संरक्षण सम्बन्धी  छुट्टै काननूनका व्यवस्था छैन ।
- नगण्य रुपमा केही कानूनमा साक्षीको संरक्षणसँग केही सान्दर्भिक व्यवस्था छन् ।
- साक्षीलाई भ्रमण खर्च उपलब्ध गराउने ।
- साक्षीलाई झिझ्याउने वा बेइज्यत हुने गरी प्रश्न सोध्न नपाइने ।
- अशक्त अवस्थाका साक्षीको घरमानै गइ बकपत्र गराउन सकिने ।
- मानव बेचबिखन, यौनजन्य अपराध, बालबालिका आदि मुद्दाका पीडितको परिचय खुल्ने विवरण फोटो प्रकाशन गर्न नहुने, परिचयात्मक विवरण गोप्य राख्नुपर्ने, मुद्दाको सुनुवाइ बन्द इजलासमा गर्नुपर्ने ।
- नेपाल सरकारवादी भएको गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीको उपस्थितिले साक्षीलाई बकपत्र गर्न अनुचित दवाब परेको वा पर्ने संभावना छ भन्ने अदालतलाई लागेमा अदालतले प्रतिवादीको उपस्थिति अप्रत्यक्ष बनाई कानून व्यवसायीको रोहवरमा गराउने व्यवस्था मिलाउने ।

**अपराध संहिता तथा फौज्दारी कार्यबिधि संहिता २०६५मा साक्षीको संरक्षण सम्बन्धी व्यवस्था :**

- श्रव्यदृश्य मार्फत साक्षी बुझ्न सकिने ।
- साक्षीलाई दैनिक तथा भ्रमण भत्ता तथा सुरक्षा दिनुपर्ने ।
- अदालतले साक्षीको संरक्षणगर्न आदेश दिनसक्ने ।

**प्रहरीले साक्षीको संरक्षणमा निर्वाह गर्नुपर्ने भूमिका :**

- पीडित । साक्षीको नाम, थर, वतन, शारीरिक मानसिक अवस्था, पीडितलाई आवश्यक पर्ने उपचार, उद्धार बिषयमा सूचना संकलन ।
- आवश्यक उपचार र उद्धार कार्य एवं पीडितको संरक्षण गर्ने ।
- असम्बद्ध व्यक्तिले पीडितलाई हैरानी नदिने व्यवस्था गर्ने पीडितको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने भए राख्न लगाउने ।
- पीडित र साक्षीहरुको सुरक्षाबारे आवश्यक प्रबन्ध गर्ने तथा आश्वस्त पार्ने ।
- उपचार गर्ने क्षमता नभएको पीडितको  हकमा अस्पताल र सामाजिक संस्थाहरुलाई अनुरोध गर्ने ।

- पीडितले उपचार पश्चातमात्र कुराकानी गर्न सक्ने भएमा सो पछिमात्र कुराकानी गर्ने ।
- पीडितलाई कसूरको प्रकति, पीडकलाई हुनसक्ने सजाय, अनुसन्धान प्रकया मुद्दाको कारवाही, लाग्ने समयजस्ता विषयमा जानकारी दिनुपर्छ ।
- मानव बेचविखन तथा ओसार पसारको कसूरमा उजुर गर्ने व्यक्तिले नाम गोप्य राख्न अनुरोध गरेमा गोप्य राख्ने ।
- महिला साक्षीलाई महिला प्रहरीबाट सोधपुछ गर्ने ।
- बेमनासिब ठट्टा मस्करीका हिसाबसँग सोधपुछ गर्नु हुँदैन । सभ्य, सिष्ट र सम्मानजनक भाषा प्रयोग गर्नुपर्दछ ।
- १६ वर्षभन्दा कम उमेरका बालबालिकाको कागज गराउँदा सम्भव भएसम्म निजको बाबु आमा वा अन्य संरक्षकको रोहवरमा राखी मात्र कागज गराउनु पर्दछ ।
- अन्धाअन्धी र वक्क लाटालाटीको कागज गराउँदा उनीहरुको संरक्षक वा हकवाला भए उनीहरुलाई नभए निजहरुले रोजेको मानिस राखी निजको ईसारा बुझ्ने व्यक्तिले राम्रोसँग ईसारा बुझी कागज गराई रोहवरमा त्यसको मतलव निजलाई बुझाउनु पर्दछ र कागज गराउने कार्य पूरा भएपछि सो व्यहोरा जनाई प्रमाणित गराउनुपर्छ ।
- बोल्न असमर्थ व्यक्तिको कागज गर्नु पर्दा निज लेखपढ गर्न जान्ने रहेछ भने लेखेर वा ईसाराद्वारा पनि दिन सक्ने व्यवस्था रहेको हुँदा सोही अनुसार गर्नु पर्दछ ।
- नेपाली भाषा नबुझ्ने व्यक्तिको कागज गराउँदा दोभाषेको व्यवस्था गरी दोभाषेको सहयोगबाट गराउने
- पीडित लगायतका साक्षीको जीउधनको सुरक्षामा खतरा छ छैन ? छ भने कसबाट छ यकिन गरी आवश्यक सुरक्षा प्रबन्ध गर्ने ।
- पीडित वा परिवारको बासस्थान नै परिवर्तन गर्नुपर्ने भए सम्बद्ध पक्षबाट सहयोग जुटाइ सुरक्षित बासस्थानको व्यवस्था मिलाउने
- मानव बेचबिखन ऐनको दफा २६ अनुसार माग गरेमा मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालतमा आउदा जादा सुरक्षा दिने, निश्चित अवधिकालागि प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने, उपयुक्त सेवाकेन्द्रमा राख्ने ।
- सरकारी गैरसरकारी संस्थासंग समन्वय गरी पीडितको सुरक्षित भविष्यका लागि रोजगारमूलक तालीमको प्रबन्ध मिलाउने ।
- कानून पीडितलाई क्षतिपूर्ति दिलाउने प्रयोजनार्थ पीडकको सम्पत्तिको सूचना संकलन गर्ने ।
- साक्षी बकपत्रका लागि अदालतमा आउदा वा फर्कदा निजलाई सहज र सुरक्षाको प्रत्याभूति दिने ।

- साक्षीको संरक्षणका लागि अदालतले दिएका आदेशको प्रभावकारी कार्यान्वयन गर्ने ।
- साक्षीको संरक्षण सम्बन्धी बिषयमा सबै प्रहरीलाई प्रशिक्षित गराउने ।
- साक्षीको संरक्षण सम्बन्धमा सरकारी वकील, नागरिक समाज, सामाजिक संघसंस्था, स्थानीय प्रशासन समेतसँग समन्वय गरी सहयोग हासिल गर्दै अघि बढ्ने ।
- साक्षीको सुरक्षाका लागि प्रत्येक प्रहरी कार्यालयमा एकजना अधिकृतलाई संरक्षण अधिकृतको रुपमा जिम्मेवारी दिने परिपाटि बसाल्ने ।
- आ-आफ्नो कार्यालयगतस्तरमा साक्षीको संरक्षणको कार्ययोजना निर्माण गर्ने प्रचलन विकास गर्ने ।
- साक्षीको संरक्षण दायित्व वा कर्तव्य हो भन्ने कुरा नबिर्सने ।

**हिरासत कक्ष व्यवस्थापन :**

## हिरासत (Custody):

कुनै पनि अपराधको तहकिकात, जाँचबुझ वा पुर्पक्षका लागि अधिकार प्राप्त अधिकारीको आदेशले थुनामा राख्नका लागि वनेको वा तोकिएको घर वा कोठालाई हिरासत कक्ष भनिन्छ । अर्थात, अनुसन्धान तहकिकातको सिलसिलामा कुनै पनि व्यक्तिलाई प्रचलित कानूनद्धारा उसको वैयक्तिक स्वतन्त्रतालाई हरण गरी तोकिएको समयको लागि नियन्त्रणमा राखिने कार्य हिरासत हो ।

## थुनवा (Detainee):

अपराधको अनुसन्धान तहकिकात, जाँचबुझ वा पुर्पक्षका लागि अदालत, प्रहरी वा अन्य अधिकारीको आदेशमा हिरासतमा रहेका वा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा रहेका व्यक्ति समेतलाई जनाउँछ ।

**मानव अधिकारको प्रत्याभूति :**

- मानव अधिकारको सम्मान र यातना रहित अपराध अनुसन्धान नीति अबलम्बन गरिएको छ ।
- कानून बमोजिम पक्राउ, थुनामा राख्नु अपराध अनुसन्धानको प्रकृया भएको हुदा, “कानून बमोजिम बाहेक कसैलाई पक्राउ र थुनामा राख्न हुदैन” थनुवा वा बन्दि, कैदिको मौलिक हकको सम्मान गर्नु पर्ने सम्बैधानीक व्यबस्था र Rule of Law सिद्धान्त पालना गर्नुपर्ने ।
- प्रहरी प्रधान कार्यालयले जारी गरेको प्रहरी कर्मचारीले पालना गर्नु पर्ने “मानव अधिकार हाते– पुस्तिका” र राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको

"सुरक्षाकर्मीका लागि मानव अधिकार श्रोत–पुस्तिका" अध्ययन र पालना गर्नु अनुसन्धान अधिकृत तथा अनुसन्धान गर्ने प्रहरी कर्मचारीको कर्तव्य हुने छ ।

- अभियुक्तलाई बाटोको म्याद बाहेक २४ घण्टा भित्र मुद्दाहेर्ने अधिकृत समक्ष पेश गरि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(२, ४) को प्रकृया पुरा गरी हिरासतमा लिई राखनु पर्ने ।
- थुनामा रहेका व्यक्तिलाई कुनै किसिम शारीरिक, तथा मानसिक यातना दिन नहुने तथा अमानवीय र अपमानजनक ब्यवहार गर्न नहुने ।
- गिरफ्तार भएका मानिसहरुको नाम, उजुर गर्नेको नाम, गिरफ्तार भएका व्यक्ति उपर आरोप लगाइएको अपराध, बरामद भएको हतियार र धनमाल समेत खुलाई अनुसन्धान अधिकृतको डायरीमा राख्ने ।
- बालवालिकालाई नेल, हथकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे बापत अन्य अभियुक्त  साथमा थुनामा राख्न नहुने ।
- प्रहरीको उजुरीमा आएका आफ्नो क्षेत्राधिकार भित्र पर्ने घटनाको कानूनबमोजिम अनुसन्धान र कारवाही गरि मानव अधिकारको संरक्षण गर्नु पर्ने छ ।

**<u>हिरासत कक्षको वर्गिकरण :</u>**

- म्याद थप नभएका अभियुक्तहरु राख्ने वन्दी कक्ष
  (क) महिला वन्दी कक्ष
  (ख) पुरुष वन्दी कक्ष

- म्याद थप भएका अभियुक्तहरु राख्ने वन्दी कक्ष
  (क) महिला वन्दी कक्ष
  (ख) पुरुष वन्दी कक्ष

- विशेष वन्दी कक्ष
  (क) बाल दुराचार वन्दी कक्ष (वालक, वालिका अलग, अलग) सुधार गृह
  (ख) पेशेवर एवं गंम्भिर अपराधमा संलग्न अभियुक्त वन्दी कक्ष
  (ग) पागल तथा गम्भिर रोग लागेका थुनुवा कक्ष ।

**<u>कानूनी प्रावधान :</u>**

**नेपालको अन्तरिम संविधान २०६३**

- बाटोको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्ने ।

- थुनामा रहेका ब्यक्तिलाई कुनै किसिमको शारीरिक, तथा मानसिक यातना दिन नहुने तथा अमानवीय र अपमानजनक ब्यवहार गर्न नहुने, भए गरेमा तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्ने ।
- आफु विरुद्ध साक्षी हुन कर नलाग्ने ।
- आफुले चाहेको कानून व्यवसायी राख्न पाउने ।

**मुलुकी ऐन २०२०**

- अभियुक्तलाई थुनामा राख्दा कारण सहितको लिखित जानकारी (थुनुवा पुर्जि) दिनु पर्ने ।
- छोड्दा कारण सहितको पर्चा खडा गर्नु पर्ने ।
- कसुर प्रमाणित भएमा निजले पाउने सजाय भन्दा बढी अवधि हिरासतमा राख्न नहुने ।
- थुनामा राख्नु पर्ने व्यक्तिका लागि सिधाको व्यवस्थँ नगरी थुनेमा बात लाग्ने ।

**प्रहरी ऐन २०१२**

- हिरासतमा रहेको व्यक्ति घाइते वा विरामी भए तुरुन्त उपचारको व्यवस्था मिलाउने ।
- थुनामा रहेका व्यक्तिको सिधा र बासको व्यवस्था गर्ने ।
- गिरफ्तार भएका मानिसहरुको नाम, उजुर गर्नेको नाम, गिरफ्तार भएका व्यक्ति उपर आरोप लगाइएको अपराध, बरामद भएको हतियार र धनमाल समेत खुलाई प्रहरी कर्मचारीले रोजनाम्चामा राख्ने ।
- पालो फेरिँदा थुनुवाको अवस्था बुझी गन्ती गरी बुझ्ने बुझाउने ।

**यातना विरुद्ध क्षतिपूर्ति ऐन २०५३**

- अनुसन्धान वा पुर्पक्षको सिलसिलामा थुनामा रहेका कुनै पनि व्यक्तिलाई कुनै किसिमको पनि यातना दिन नहुने ।
- शारीरिक जाँच गराएर मात्र थुनामा राख्नु पर्ने ।
- छाड्दा पनि जांच गराउनु पर्ने ।

**बालबालिका सम्बन्धी ऐन २०४८**

- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि बालबालिकालाई नेल, हथकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरे बापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्न नहुने ।
- सरकारी मुद्दा सम्बन्धी नियमावली २०५५
- अभियुक्तलाई बाटोको म्याद बाहेक २४ घण्टा भित्र सरकारी वकिल मार्फत अदालतमा उपस्थित गराउनु पर्ने ।
- नेपाल प्रहरी मानव अधिकार स्थायी आदेश
- न्यायिक अदालती कारबाहीबाट दोषी प्रमाणित नभएसम्म हिरासतमा रहेको व्यक्तिलाई निर्दोष सम्झने ।
- हिरासतमा रहेका व्यक्तिहरुसँग मानवीय र इज्जतपूर्वक व्यवहार गर्ने ।
- सय वटा अपराधी छुटुन् तर एउटा पनि निरपराधी नपरोस् ।

**International Instruments:**

- The Universal Declaration of Human Rights (UNDHR), 1948
- International Covenant on Civil and Political Rights (ICCPR) 1996.
- International Covenant on Economic, Social and Cultural Rights (CESCR), 1996.
- International Convention on the Elimination of all forms of Racial Discrimination (CERD), 1963.
- Convention on the Elimination of all forms of Discrimination Against Women (CEDAW), 1979.
- Convention on the Rights of the Child (CRC), 1989.
- Code of Conduct for Law Enforcement Officials, 1979.
- Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, 1984
- Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials.

- Detained person shall be held only in officially recognized places of detentions and their family and legal representatives are to receive full information.
- Decision about the duration and legality of detention are to be made by judicial of competent authority.
- The detainee shall have the right to be informed of the reason for detention and any charge against him.
- Right to contact outside world and family members and legal representatives and to communicate privately.
- Right of get human facilities, designed to preserve health, and shall be provided adequate food, water, shelter, clothing, medical services, exercise and personal hygiene.
- The religious and moral beliefs shall be respected.
- The right of special status of women and juvenile detainees are to be respected.
- No one shall take advantage of situation of a detained person to compel him to confess or to otherwise incriminate himself.
- Measures for discipline and order shall only be those set out in law and regulation, shall not otherwise those necessary of safe custody and shall not inhuman.

**अभियुक्तको वयान**

- कुनै शंकित व्यक्तिलाई लगाइएको आरोपसँग सम्बन्धित वारदात घट्नुको कारण, अवस्था, अपराधको तत्वहरु साथै वारदातमा निजको संलग्नता वारेमा निजको भनाई लेखबद्ध गर्ने कार्य वयान हो ।

- US Supreme Court n] Miranda v. Arizona, 386 U.S. 436 (1966) मुद्दामा प्रतिपादीत निम्न सिद्धान्तलाई नेपालको फौजदारी न्यायप्रणालीले स्वीकार गरको छः

  क) तपाईलाई चुपलाग्ने अधिकार छ ।
  ख) तपाईले व्यक्त गरेका कुराहरु तपाईको विरुद्ध अदालतमा पेश हुने छन् ।

ग) तपाईलाई कानून व्यवसायी राख्ने अधिकार छ ।
घ) यदि तपाई कुनै कानून व्यवसायी राख्न सक्नु हुन्न भने बयान लिनु भन्दा पहिले नै राज्यले तपाईको लागि कानून व्यवसायी राखी दिन सक्छ ।

## मिसिल तयारी र ध्यान दिनुपर्ने कुराहरु

मिसिल भन्नाले प्रहरीमा पर्न आएको जाहेरी दर्खास्तदेखी लिएर सम्पुर्ण अनुसन्धान सम्पन्न गरी सरकारी वकिललाई लेखिने प्रहरी राय प्रतिवेदनसम्मका संलग्न कागजातलाई समग्रमा कागजात बुझ्नुपर्ने हुन्छ । कुन मुद्दा कुन शिर्षकमा दायर गर्ने सम्बन्धमा प्रहरी अनुसन्धानबाट तयार पारिएको मिसिल कागजातका आधारमा सो मुद्दा सम्बन्धमा अदालतमा मुद्दा दायर गर्ने कि नगर्ने अथवा सोही दावी लिएर अदालत जाने कि अथवा संलग्न कागजात प्रमाणले उक्त दावी लिने अवस्था छ छैन भनेर सरकारी वकिलले निर्क्यौल गर्दछ भने सोही बमोजिम र अन्य थप कागजात समेतको जगमा टेकेर अदालतले न्याय प्रणाली सञ्चालन गर्दछ । मिसिल कागजात कुनै पनि मुद्दाका सम्बन्धमा एउटा यस्तो महत्वपूर्ण लिखतहरुको संगालो हो जसले नै सिङ्गो न्याय प्रशासनलाई सही गन्तव्यतिर हाकेर लग्दछ र पिडितलाई वास्तविक न्याय तथा पिडकलाई उचित सजाय प्रदान गर्दछ र अन्ततः कानूनी राज्यको अवधारणालाई सदा सर्वदा जिवन्त राख्दछ ।

त्यसैले कुनै पनि मुद्दाका सम्बन्धमा मिसिल निर्माण गर्दा अथवा प्रहरीले अपराधको अनुसन्धान गर्ने क्रममा कुनै पनि लिखत तयार (Documentation) गर्दा कार्यविधि कानूनले व्यबस्था गरेका सम्पूर्ण विधि र प्रकृयालाई दुरुस्त रुपमा पालना गर्नुपर्दछ । प्रहरी अनुसन्धानको उद्देश्य न्याय प्रशासनका लागि आवश्यक पर्ने अथवा कुनै पनि मुद्दाका सम्बन्धमा अन्तिम टुङ्गो लगाउन आवश्यक पर्ने आधारपत्रहरुको र्निमाण (Documentation) हो ।

अदालतमा बोल्ने नै Document हो, जुन वास्तविक सबुद प्रमाण र तथ्यद्वारा पुष्टी गरीएका हुनुपर्दछ । मिसिलमा संलग्न प्रतेक कागजको तथ्य पुष्टयाई प्रहरी अनुसन्धानमा नै निर्भर गर्दछ । यसर्थ प्रहरीको सफल अनुसन्धानबाट प्राप्त गरिने सम्पूर्ण लिखत, वयान, घटनासँग सम्बन्धित कागजात, मुचुल्काहरु र अनुसन्धानमा तयार भएका अन्य कागजातहरु समेतको समष्टी र प्रकृया नै हाम्रो अध्ययनको सर्न्दभमा मिसिल-निर्माण हो ।

यही हाम्रो विषय सन्दर्भमा मिसिल निर्माण गर्दा मोटामोटी रुपमा सामान्यतया निम्न कागजातहरु संलग्न राखिनु पर्दछ ।

१. जाहेरी दरखास्त र सोको भरपाई/प्रहरी प्रतिवेदन ।

२. प्रारम्भिक अनुसन्धान अथवा घटनास्थल सुरक्षा टोली खटाएको पत्र ।
३. अनुसन्धान अधिकृत खटाएको पत्र ।
४. सुरु वारदात जाहेरी (प्र.प्र.का.अ.अ.विभागलाई) ।
५. प्रारम्भिक प्रतिवेदन (सरकारी वकिललाई) र सरकारी वकिलको फिर्ता पत्र ।
   (क) मानव वेचविखन तथा ओसारपसार मुद्दाको हकमा अदालत समक्ष वयान प्रमाणित गर्ने ।
६. घटनास्थल प्रकृती मुचुल्का।
७. लाशजाँच प्रकृति मुचुल्का (घटनास्थल लास जाँच प्रकृति मुचुल्का) ।
८. लास पोष्टमार्टम गर्न पठाएको पत्र ।
९. पोष्टमार्टम रिपोर्ट (पत्र सहितको) ।
   (क) भिसेरा जाँच ।
१०. लासको सद्गत पूर्जी ।
११. साक्षीको ठाडो वयान ।
१२. अभियुक्तहरुको हुलिया परिपत्र (मजकुर र सम्बन्धित कार्यालयलाई) ।
१३. अभियुक्त खोजतलास तथा पक्राउ गर्न खटाएको पत्र ।
१४. पक्राउ पूर्जी ।
१५. खानतलासी जनाउ पूर्जी ।
१६. खानतलासी मुचुल्का ।
१७. अभियुक्त पक्राउ प्रतिवेदन/पक्राउ वारेन्ट प्रतिवेदन ।
१८. अभियुक्तको स्वास्थ्य परिक्षण गर्न पठाएको पत्र र परिक्षण पत्र ।
१९. थुनुवा पूर्जी ।
२०. हिरासत अभिलेख ।
२१. सनाखत (पक्राउ परेको अभियुक्त/मालवस्तु/सवुद प्रमाण) ।
२२. म्याद थप पत्र (प्रथम, दोश्रो र तेश्रो गरी जम्मा ३ पटक) र म्याद थपको तोक र प्रत्येक कागजातमा अदालतको छाप) ।
२३. सरकारी वकिल समक्ष पक्राउ परेको अभियुक्तको वयान (वयान लाई लेखेको र वयान गरि फिर्ता गरेको पत्र समेत) ।
२४. प्रतिवादी पक्षका व्यक्तिको ठाडो कागज ।
२५. वादी साक्षीहरुको घटना विवरण कागज ।
   (क) आवश्यकता अनसारको पिडित वा घटनासँग सम्वन्धित अन्य मानिसहरुसँगको कागज ।
   (ख) आवश्यकता अनुसार Dying Declaration.
२६. सबुद परिक्षण प्रतिवेदन (परिक्षण गर्न र गरी पठाएको पत्र समेत) ।

२७. प्रहरी राय प्रतिवेदन ।

मुद्दा र त्यसको प्रकृती अनुसार मिसिल कागजातको उपरोक्त बमोजिमको श्रृखला तलमाथी हुन पनि सक्दछ । कागजात र प्रकृया घटिबढी पनि हुन सक्छन् र कुनै प्रकृया तथा कागजात दोहोरिन पनि सक्दछ । यसर्थ र मुद्दा र त्यसको प्रकृती अनुसार मिसिल निर्माण गर्नुपर्ने हुन्छ र यसै सन्दर्भमा मिसिलहरु एक आपसमा फरक फरक पनि हुन सक्दछ ।

<u>**मिसिल निर्माण गर्दा ध्यान दिनुपर्ने अन्य कुराहरु :**</u>

- कागजातहरु एकपछि अर्को गरेर सिलसिलाबद्ध राख्ने ।
- मिति र रोज पनि सोही वमोजिम सिलसिलाबद्ध राख्ने ।
- सामान्य चिठिपत्र वाहेकका लिखतको कागजको साईज, वांया माथि तल छोडने भाग स्तर अनुरुप छोड्ने ।
- लिखतको व्यहोरा सरल तर सविस्तारमा लेख्ने । मुख्य उल्लेख गर्नु पर्ने कुराहरु नछुटाउने ।
- साक्षी रोहवर र काम तामेलीका व्यक्तिहरु राख्दा संख्यामा विचार पुर्‍याउने र तिनीहरुको सही छाप पनि नछुटाउने ।
- एक भन्दा बढी बन्द-पाना हुने लिखतको पहिलोको तल, बिचको तल माथी दुबै र अन्तिमको माथी साक्षी, रोहवर र काम तामेलीका व्यक्तिको सही छाप नछुटाउने ।
- लिखत सच्याउने काम कम गर्ने ।
- अदालतमा म्याद थपका लागी पठाईएका कागजातको पछाडि म्याद थप पश्चात अदालतको छाप पार्ने र जनाउने ।
- सामान्य चिठ्ठिपत्र र सञ्चारमा सम्बन्धित कार्यालयको छाप पार्ने र जनाउने ।
- जाहेरीमा मुद्धाको व्यहोरा र मागदावी आदि कुरा स्पष्ट उल्लेख गर्ने ।
- विषेश गरी मुचुल्काहरु - घटनास्थल बस्तुस्थिती तथा लास जाँच प्रकृिती मुचुल्का, खनतलासी वरामदी मुचुल्का, सर्जमिन मुचुल्का र अन्य ठाडो कागज-वयानमा जाहेरी दर्खास्तको व्यहोरालाई पुष्ट्याई हुर्ने गरी व्यहोरा मिलाउने ।
- हदम्याद र म्याद थप ।
- लिखत तयार गर्दा यसको प्रामाणीक मुल्य जतिसक्दो धेरै हुने तर्फ ध्यान दिनु पर्दछ । अर्थात निर्माण गरिएका कागजातमा व्यक्तिको वयानमा आधारीत वयानमुखि नभई सवुद प्रमाण र तथ्यमा आधारित गराउने ।
- लेखिएको व्यहोरा र शव्दले दिने अर्थ स्पष्ट हुनुपर्ने ।

## प्रस्तावित राय (Proposed Charge sheet) :

स.मु.स ऐन २०४९ को अनुसुची १ अन्तर्गत पर्ने मुद्दाहरुको अनुसन्धान तहकिकात सम्पन्न गरी मद्दा हेर्ने निकाय समक्ष अभियोग पत्र प्रस्तुत गर्ने प्रयोजनका लागी अनुसन्धान गर्ने अनुसन्धान अधिकृतले मागदाबी सहितको स्पष्ट राय साथ सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा प्रस्तुत गर्ने दस्तावेज नै प्रस्तावित राय हो ।

**सरकारी मुद्दा सम्बन्धि ऐन २०४९ को दफा १७ (१) – राय सहितको प्रतिवेदन पठाउनु पर्ने :–**

अनुसुची - १ मा उल्लेखित कुनै अपराधको तहकिकात पुरा भए पछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्त उपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही ब्यहोरा खुलाई आफ्नो राय सहित थुनुवा नभएको मुद्दा भए सम्बन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगाबै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाण सहित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

**प्रस्तावित रायको प्रकार**

**(क) मुद्दा चलाउने गरी**

- पक्राउमा परेका तथा नाम खुल्न आएका सबै अभियुक्त उपर मुद्दा चलाउने गरी ।
- पक्राउमा परेका तथा नाम खुल्न आएका संकित ब्यक्तिहरु मध्ये केही उपर मुद्दा चल्ने तथा केही उपर मुद्दा नचल्ने गरी ।

**(ख) मुद्दा नचल्ने, नचलाउने गरी**

**(ग) प्रतिवादी नखुलेकोमा हदम्याद भुक्तान हुने अवस्थामा मिसिल तामेलीमा राख्ने गरी ।**

**प्रस्तावित रायका मुख्य मुख्य भागहरु :**

**१. जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको विवरणको खण्ड :**

यसमा जाहेरी वा सूचना दिने संघ संस्था वा ब्यक्तिको एकिन नाम थर वतन सहितको विवरण उल्लेख गरिन्छ । तर नाम गोप्य राखिनु पर्ने मुद्दाहरु जस्तै जवरजस्ती करणी, मानब बेचबिखन तथा ओसार पसार, विधुतीय कारोबार ऐन अन्तर्गत मुद्दा जस्ता मुद्दाहरुमा जाहेरवाला वा पिडितको नाम थर सहितको विवरण गोप्य राखी परिवर्तित सांकेतिक नाम राखिन्छ ।

२. **प्रतिवादीहरुको तीन पुस्ते सहितको विवरणको खण्ड :**

यसमा सजायको मागदाबी लिनु पर्ने अपराधमा संलग्न ब्यक्तिहरुको तीन पुस्ते सहितको एकिन नाम थर वतन खुलाई प्रतिबादीहरुको महलमा उल्लेख गरिन्छ ।

३. **केशको व्यहोराको खण्ड :**

यस खण्डमा जाहेरी दरखास्त दर्ता भैसकेपछि अनुसन्धानबाट भए गरेका जाहेरी दरखास्त लगायतका मिसिल संलग्न कागजात दशी प्रमाणहरुको बारेमा उल्लेख गरिन्छ ।

४. **प्रस्तावित रायको खण्ड :**

यस खण्डमा दुई भाग रहेका हुन्छन् ।

(क) वारदात पुष्ट्याईको भाग :- कुनै मिति समय र स्थानमा घटना, अपराध घटेको हो भनेर पुष्टि गर्ने काम गर्ने गरिन्छ ।

(ख) कसूर अपराधको पुष्ट्याई तथा दण्ड सजायको मागदाबीको भाग :–
अपराधमा संलग्न अभियुक्तहरुले के कुन ऐन कानुन अनुसार के कस्तो कसूर अपराध गरेका छन्, सो को पुष्ट्याई र निजहरु उपर के कस्तो दण्ड सजायको मागदाबी लिइनु पर्ने हो सम्बन्धित ऐनको दफा स्पष्ट रुपमा खुलाईन्छ र पटके कायम गर्नु पर्ने र क्षतिपूर्ती सम्बन्धि मागदाबी लिईनु पर्ने भए सो कुरा समेत उल्लेख गर्ने ।

**प्रस्तावित रायमा खुलाउनु पर्ने कुराहरु :**

- जाहेरवाला वा सूचना दिनेको एकिन नाम थर वतन ।
- अभियुक्तहरुको बाबु बाजेको नाम सहितको एकिन नाम थर वतन ।
- मुद्दा शिर्षक र मुद्दा दर्ता नम्बर ।
- जाहेरी दरखास्त लगायतका कागजात दशी प्रमाणहरुको सटिक, स्पष्ट र राम्रो प्रस्तुती
- घटना वारदातको पुष्टि ।
- अपराधको पुष्टि ।

- कसूर अपराध अनुसारको स्पष्ट ऐन कानुनको दफा
- कानुन बमोजिमको दण्ड सजायको मागदाबी ।
- दशी प्रमाण
- साक्षी रोहबरका मानिसहरु
- फरार अभियुक्तहरु (भएमा)
- क्षेतीपुर्तीको मागदाबी ।
- जफतको मागदाबी ।
- पटकेको हकमा मागदाबी ।
- फरार अभियुक्तको हकमा एकिन नामथर वतन सहितको तीन पुस्ते विवरण खुलेकोमा मागदाबी लिइनु पर्ने ।
- फरार अभियुक्तको एकिन नामथर वतन सहितको तिनपुस्ते विवरण नखुलेमा पक्राउ परेका बखत वा खुली आएका बखत छुट्टै मागदावी लिइनु पर्ने ।
- तत्काल पक्राउ परेका प्रतिबादीहरु अन्य मद्दामा अनुसन्धानको फिर्ता मगाउनु पर्ने वा अन्य कार्यालयमा फिर्ता पठाउनु पर्ने भएमा सो कुरा खोली फिर्ता माग गर्ने ।

**<u>कानूनी व्यवस्था</u>**

(क) अपराधको तहकिकात समाप्त भए पछि तहकिकात गर्ने प्रहरी कर्मचारीहरुले निम्न कुराहरु खोली राय लेखी सरकारी वकिल समक्ष पुर्‍याउनु पर्दछ । – स.मु.स.ऐन २०४९ को दफा १७(१) :–

- अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउने प्रमाण पुग्ने देखिएमा सोही कुरा खोली राय लेख्ने ।
- अपराध नै नभएको देखिएमा सोही बमोजिम राय लेख्ने ।
- अपराध भए पनि अभियुक्त खुल्न नसकेकोमा सोही ब्यहोरा खोली राय लेख्ने ।
- अपराध भएको भए पनि पक्राउ परेका अभियुक्त उपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएमा सोही ब्यहोरा खोली राय लेख्ने ।

**<u>राय सहित मिसिल बुझाउने म्याद सम्बन्धी व्यवस्था :</u>**

१. थुनुवा नभएको मुद्दा भए सो मुद्दा अदालतमा दायर गर्ने सम्बन्धमा सम्बन्धित कानूनले तोकेको हदम्याद सकिनु भन्दा कम्तीमा १५ दिन अघि मिसिल तथा राय लेखी पठाउनु पर्दछ ।

२. थुनुवा भएको मुद्दा भए निजलाई हिरासतमा राख्न पाउने म्याद नसकिदै मुद्दा चल्ने, नचल्ने निर्णय गर्ने र अभियोग पत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई

ख्याल राखी सो समय अगावै पठाउनु पर्दछ । ( स.मु.स.ऐन २०४९ को दफा १७(१) )

३. प्रहरी हिरासतमा रहेको अभियुक्तको हकमा हिरासत अवधि भुक्तान नहुदै तहकिकात पुरा गरी मुद्दा चल्ने नचल्ने निर्णय गर्न र अभियोग पत्र तयार गरी अदालतमा मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यान राखी मुद्दा दायर गर्नु पर्ने दिनको कम्तिमा ३ दिन अगावै मिसिल सरकारी वकिल कार्यालयमा पठाउनु पर्दछ । स.मु.स.नियमावली, २०५५ को नियम ९(४)

**अन्य कानूनी प्रावधान**

- राय सहितको मिसिल प्रहरीले पठाईसके पछि सरकारी वकिल कार्यालयले मिसिल अध्ययन गर्दा थप सवूद प्रमाण संकलन गर्नु पर्ने वा कुनै मानिस बुझ्नु पर्ने वा सोधपुछ गर्नु पर्ने देखिएमा सो कार्य गर्नु भनी तहकिकात गर्ने प्रहरीलाई निर्देशन दिन सक्नेछ । त्यसरी भएको पालना गर्नु सम्बन्धित प्रहरी कर्मचारीको कर्तब्य हुन्छ । (स.मु.स.ऐन २०४९ को दफा १७ (३)
- राय सहितको मिसिल प्रहरीले पठाए पछि सो अध्ययन गरी अभियोग पत्र तयार गरी अदालत समक्ष पेश गर्ने समयमा दाखिला गर्ने गरी मुद्दासंग सम्बन्धित अभियुक्त तथा दशी र सवुद प्रमाण सरकारी वकिलले प्रहरी कार्यालयमा राख्न पठाउनु पर्छ । त्यसरी फिर्ता राख्न पठाईएको दशी, प्रमाण र अभियुक्त राख्ने जिम्मेवारी सम्बन्धित प्रहरी कार्यालयको हुनेछ । (स.मु.स.नियमावली, २०५५ को नियम १२)

**तत्काल फरार रही मुद्दा पेश भए पश्चात दाखिला हुन आएका अभियुक्तहरुको हकमा :**

१. तत्काल मुद्दा पेश हुदा एकिन नाम थर वतन सहितको तीन पुस्ते विवरण खुली वारेण्ट वा म्याद जारी हुनको लागी मागदाबी लिईएका अभियुक्तहरुको हकमा निजहरु पछि पक्राउ परी आएका बखत पुर्ब प्रस्ताबित रायमा उल्लेखित मागबादी बमोजिम दण्ड सजायको लागी पेश गरिन्छ ।

२. तत्काल मुद्दा पेश हुदा एकिन नामथर वतन नखुली फरार रहेका अभियुक्तहरुको हकमा निजहरु पक्राउ परी आएमा वा नामथर वतन सहितको तिन पुस्ते विवरण खुली आएमा अनुसन्धान गरी मुलुकी ऐन अ.बं.८८ नम्बर बमोजिम दण्ड सजायको लागी पेश गरिन्छ ।

**मुलुकी ऐन अ.बं.८८ नम्बर :**

नेपाल सरकार बादी हुने फौज्दारी मुद्दामा फिरादपत्र प्रतिउत्तरपत्र वा बयान सो मुद्दा हेर्ने अड्डामा एकपटक दिईसकेपछि अरु पनि अभियुक्त हुन् वा छन् भनि उसै मानिसले पछि थपि लेखिदिएको सदर हुदैन प्रहरी प्रतिवेदनको हकमा भने यो बन्देज रहदैन ।

**अपराध अनुसन्धानमा प्रहरीको दायित्व**

- शंकाको भरमा कुनै व्यक्तिलाई दोषी ठहऱ्याउनु नहुने,
- पोलेको आधारमा स्वतन्त्र प्रमाणबाट खम्भीर नभएसम्म प्रमाणको रुपमा लिन नहुने,
- अभियुक्त विरुद्ध संकलित सवूद प्रमाणहरु तथ्यपरक र वस्तुगत हुनुपर्ने,
- प्रमाण र साक्षीहरुको आधारमा अभियोजनका लागि सरकारी वकील समक्ष फाइल प्रस्तुत गर्नु पर्ने,
- सदा सर्वदा भौतिक सवुतको खोजितर्फनै अनुसन्धान कर्ता केन्द्रत हुनु पर्ने,
- निर्दोशलाई संरक्षण गर्ने
- मानव अधिकारलाई आफनो कार्यक्षत्रमा आधारविन्दु बनाउंने,

**अनुसन्धान अधिकृतले ध्यान दिनुपर्ने विषयहरु**

- प्रत्येक आरोप/अभियोग प्रमाणबाट पुष्टि हुनुपर्छ,
- प्रमाण अनुसन्धान तहकिकातबाट संकलन गरिनुपर्छ,
- संकलित प्रमाण कानूनी प्रक्रियाबाट प्राप्त भएको हुनुपर्छ
- जतिसुकै महत्वपूर्ण भएपनि कहिल्यै पनि एउटै मात्र प्रमाणमा सिमित रहनु हुन्न
- सबै प्रमाण चुनौती योग्य हुन्छन र विपक्षीको परीक्षणबाट बच्न सक्छन भन्ने कुरामा विचार पुऱ्याउनु पछ,
- प्राप्त साक्षी अन्तत्व असहयोगी, विपरीत तथा कमजोर पनि हुनसक्छन् भन्ने ठान्नु पर्दछ
- आरोपितले पेश गर्न नसकेका प्रमाण वा कमी कमजोरीले सरकारी पक्षलाई बल प्राप्त हुदैन भन्ने कुरा बिर्सन हुदैन्,
- अनुसन्धानको दायरालाई हरदम खुला राख्नुपर्छ र पूर्वाग्रही बन्नु हुदैन्,
- कहिलेकाहीं बनावटी अपराधी पनि हुन सक्छन जसले अपराधीक गीरोह तर्फ अनुसन्धान गर्ने बाटो बन्द गरिदिन सक्छ भन्ने कुरा बिर्सनु हुँदैन,

**वर्तमान अनुसन्धानमा देखिएका केही कमी कमजोरीहरु**

- अपराध अनुसन्धान औपचारिकता (Formalism) मा सिमित हुनु,
- सही छानवीनतर्फ भन्दा काम पूरा गर्ने तर्फ तदारुकता देखिनु,
- साविति भएमा अनुसन्धान पूरा भएको ठान्नु,
- तथ्यको संकलन, परिक्षण भन्दा निजी धारणा, तर्क र अनुमानमा बढि भर पर्नु,
- पर्याप्त खोजवीन विनै निर्णयमा पुग्ने प्रयास गर्नु ।

- फेला परेका वस्तु वा जानकारीलाई कानूनी मान्यतातर्फ ढाल्ने तर्फ भरमजदुर प्रयास हुन नसक्नु,
- मुद्दा दायर हुनुलाई सफलता सम्झनु,
- उत्तरदायित्व र जिम्मेवारीको किटान नहुनु,
- साक्षी उपस्थितीमा पर्याप्त ध्यान पुऱ्याउन नसक्नु,

**अपराध अनुसन्धानमा गरिनु पर्ने सुधारका क्षेत्रहरु :**

- अपराध अनुसन्धानको कार्यलाई Second Priority दिने बर्तमान प्रकृयामा परिवर्तनगरी पहिलो प्राथमिकता दिने प्रणालीको विकास गर्ने ।
- अपराध अनुसन्धान गर्ने कार्यमा मात्र सिमित रही विशेषज्ञताको ज्ञान समेत प्राप्त गर्न सक्ने गरि छुट्टै अपराध अनुसन्धान प्रहरीको व्यवस्था हुनु पर्ने ।
- गमभिर प्रकृतिका अपराधमा अनुसन्धान समूह गठन गरी सो समूहबाट अनुसन्धान गर्ने स्पष्ट कानूनी व्यवस्था हुनु पर्ने ।
- अपराध अनुसन्धानकर्ताले पुरातन रुपमा रहेको वयानमुखी अनुसन्धान प्रणालीको अन्त्य गरि भौतिक सवूद (Material Evidence) को संकलन तर्फ आफनो अनुसन्धान प्रकृयालाई वदल्नु पर्छ ।

- **Model of Criminal Justice System**
- Crime control model
- Due process model
  - Herbert L. Packer ले १९६८ ई. मा प्रतिपादीत Model ले मुलत अभियुक्तलाइ पक्राउ गरी अनुसन्धान पश्चात सजाय दिलाउन जोड दिन्छ भने यस्तो कार्य गर्दा सक्षम अधिकारीले आफनो अधिकारक्षेत्र भित्रको क्षेत्राधिकार प्रयोग गरी कार्य गर्न जोड दिन्छ । यसबाट कानूनी प्रक्रियाको गलत प्रयोग गर्न रोकी स्वेच्छाचारी हुनबाट नियन्त्रण गर्दछ ।

**३.अपराध अनुसन्धानसँग सम्बन्धित समस्याहरु**

१. <u>**अनुसन्धान अधिकृतको नियुक्ति :**</u>

- ➢ घटनाको सूचना प्राप्त भएको दिन अनुसन्धान अधिकृत नियुक्त नहुने गरेको ।
- ➢ प्रायः तल्लो दर्जाका प्रहरी अधिकृतलाई अनुसन्धान अधिकृत तोक्ने गरेको ।
- ➢ अपराध अुनसन्धान तालिम नगरेका प्रहरी अधिकृतलाई समेत अनुसन्धान अधिकृत तोक्ने गरेको ।

२. **अपराधको सूचनाको सत्यताको जाँच :**

- अपराधको सूचना प्राप्त भइसकेपछि त्यसमा उल्लेखित पीडित, साक्षी तथा प्रतिवादीका नाम, थर, ठेगाना वास्तविक हुन् वा होईनन् राम्ररी जाँच गरेको नपाईएको ।
- अपराधको सूचनामा उल्लेखित घटना र घटनाको विवरणका सम्बन्धमा पनि राम्ररी बुझ्ने गरेको नपाईएको ।
- जाहेरी दरखास्तमा हुने अन्य त्रुटीहरुलाई सच्याउँनेतर्फ विचार नपुऱ्याईएको ।

३. **घटनास्थल अनुसन्धान :**

- विविध कारणले समयममै घटनास्थल नपुग्ने गरेको पाइएको ।
- घटनास्थलको सुरक्षामा आवश्यक ध्यान दिन नसकेको ।
- प्रायः घटनास्थललाई खुल्ला राख्ने गरेको । घटनास्थलभित्र मान्छेहरुको प्रवेशमा पूर्व नियन्त्रण हुन नसकेको ।
- प्रहरी पुग्नुभन्दा पहिले नै घटनास्थल चलाई सकेको पाइने गरेको ।
- प्रहरी पुग्नुभन्दा पहिले नै प्रायः असम्बन्धित व्यक्तिहरु अज्ञानताका कारण घटनास्थलभित्र प्रवेश गरी सवुद प्रमाणहरु नष्ट गरेको देखिएको ।
- घटनास्थलमा उपयुक्त विधिद्वारा सूक्ष्मरुपमा सवुद प्रमाणको खोजी गर्नु पर्नेमा सो नगरी सर्सर्तीमात्र निरीक्षण हुने हुँदा महत्वपूर्ण सवुद प्रमाणहरु छुट्ने गरेको ।
- घटनास्थल अनुसन्धानका लागि आवश्यक फोटोग्राफी, फरेन्सिक र फिंगरप्रिन्टका किटबक्सहरु मुद्दा चल्ने सबै प्रहरी यूनिटहरु (जम्मा १९८) मा उपलब्ध गराउँन नसकेको । किटबक्स उपलब्ध भएका प्रहरी यूनिटहरुले पनि अनुसन्धानमा प्रयोग गर्ने नगरेको । प्रयोग गर्नेहरुले पनि आवश्यकता अनुसार प्रयोग गरेको नपाइएको ।
- ज्यानसम्बन्धी मुद्दामा घटनास्थल तथा लाशको छायाँचित्र लिने कार्य सबैभन्दा महत्वपूर्ण कार्य भएतापनि कतिपयले छायाँचित्र नै नलिने गरेको पाइएको । छायाँचित्र लिएतापनि प्रिन्ट गरी मिसिलमा समावेश गरेको नपाइएको ।
- प्रायः घटनाहरुको अनुसन्धानमा घटनास्थलको रेखाचित्रण गर्ने गरेको नपाइएको ।
- प्राय : घटनास्थलको अनुसन्धानमा घटनास्थल अनुसन्धान अधिकृत (SOCO) हुँदाहुँदै अन्य प्रहरी अधिकृतलाई पठाउँने गरेको ।
- घटनास्थल अनुसन्धान अधिकृतलाई अन्य कार्यहरुमा लगाउँने गरेको पाइएको ।
- काठमाडौं उपत्यकामा घटित गम्भिर अपराधहरुको घटनास्थल अनुसन्धानमा प्रहरीले अनुरोध गरे अनुसार विधि विज्ञान प्रयोगशालाका विशेषज्ञ, प्याथोलोजिष्ट तथा फरेन्सिक चिकित्सकहरुलाई घटनास्थलको निरीक्षण गराई अपराध अनुसन्धानमा सहयोग पुऱ्याउँने अवसर जुटाउँने सम्भावना भएतापनि अन्य जिल्लाहरुमा यस प्रकारका विशेषज्ञ सेवाहरुको अवसर नभएको ।

## ४. भौतिक सवुद प्रमाण संकलन तथा संरक्षण :

- अपराध, पीडित र अपराधीसँगको सम्पर्क स्थापित गर्नमा आवश्यक भौतिक सवुद प्रमाणहरुको संकलनमा प्रहरी गम्भिर हुन नसकेको ।
- भौतिक सवुद प्रमाणहरु संकलन गरी परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा पठाउने संख्या अत्यन्त न्यून रहेको ।
- कार्यालयमा भण्डारण गरेका भौतिक सवुद प्रमाणहरुलाई सुरक्षित साथ अनुकूल वातावरणमा राख्न नसकिएको, राखेका मध्ये पनि धेरैजसो बिग्रेर जाने गरेको, जसका कारण भौतिक सवुदको श्रृङ्खला टुट्ने गरेको ।
- घटनास्थलमा पाइएका भौतिक सवुद प्रमाणहरुलाई विधि पुर्‍याई संकलन नगरिएको जसको कारण भौतिक सवुद प्रमाण नासिन, मासिन तथा सवुदहरु एक-अर्कामा मिसिन सक्ने खतरा रहने गरेको ।
- अपराध अनुसन्धान कार्य सम्पादन गर्ने प्रहरी कार्यलयहरुमा आवश्यक बजेटको अभावका कारण संकलित सवुदहरु पोको पार्ने उपयुक्त भाँडोको व्यवस्था हुन नसकेको ।
- घटनास्थलबाट भौतिक सवुदहरु संकलन गर्दा सवुद प्रमाणको सही पहिचान गरेर संकलन गर्नु पर्नेमा जथाभावी असम्बन्धित संकलन गरेको पाइएको ।
- भौतिक सवुद प्रमाणको पहिचान, संकलन र संरक्षणमा वैज्ञानिक संसाधनको प्रयोगको अभाव रहेको ।
- भौतिक सवदु प्रमाण खोजीका लागि समयमै खानतलासी हुने नगरेको ।

## ५. भौतिक सवुद प्रमाण परीक्षण :

- समयमै भौतिक सवुद प्रमाण परीक्षणका लागि विधि विज्ञान प्रयोगशालामा पठाउँने गरेको नपाइएको ।
- परीक्षणका लागि पठाईएका सवुद प्रमाणहरु पनि गलत गरिकाले गलत भाँडोमा पोको पारी पठाउँने गरिएको ।
- परीक्षणका लागि पठाउँने सवुद प्रमाणहरुको बारेमा विशेषज्ञलाई प्रश्नहरु सोध्दा कतिपय प्रश्नहरु असान्दर्भिक, अमिल्दो र अपूर्ण हुने गरेको पाइएको ।
- घटनास्थलमा प्राप्त सवुद प्रमाणहरु परीक्षणका लागि पठाउँदा ती सवुदहरुको स्रोतका रुपमा रहेका नियन्त्रण नमूना (Control Sample) पनि पठाउँनु पर्नेमा सो गरेको नपाइएको ।
- विधि विज्ञान प्रयागशालाबाट प्रहरी कार्यालयमा परीक्षण प्रतिवेदन समयमै प्राप्त नहुने गरेको ।

## ६. मुचुल्का लेखन :

- समयमै मुचुल्का लेखन सम्पन्न हुने नगरेको ।
- ढिलो मुचुल्का लेखनका कारण प्रायः मुद्धाहरुका दशी सामान संरक्षण हुने नगरेको ।
- मुचुल्कामा कानून बमोजिम साक्षीको अभाव रहने गरेको ।

- प्रमाणका आधारमा नभई अनुमानका भरमा प्रतिवेदन तयार गर्ने परिपटी रहेको ।
- मुचुल्कामा रोहवरमा राख्नु पर्ने व्यक्ति नराखेको ।
- मुचुल्का सच्याउँने, केरमेट गर्ने जस्ता समस्याहरु विद्यमान रहेको ।
- व्यक्तिको सनाखत गर्दा कानूनी प्रक्रिया पुऱ्याएको नदेखिएको ।
- खानतलासी र बरामदी मुचुल्कामा असान्दर्भिक व्यक्ति र काल्पनिक वतन राख्ने गरेको देखिएको ।
- मुचुल्का लेखनमा कानूनी त्रुटीहरु हुने गरेको ।
- प्रायः तल्लो दर्जाका प्रहरी कर्मचारीहरुले मुचुल्का लेख्ने गरेको पाइएको ।

७. <u>**बयान :**</u>

- उपयुक्त विधि र आवश्यक प्रश्नहरुको कमी ।
- परम्परगत शैली ।
- वयानको क्रममा अनुसन्धान अधिकृत र सरकारी वकिलको न्यून उपस्थिति ।
- जबर्जस्ती बयानमुखी पद्धतिको अनुशरण ।
- बयनमा भिडियो रेकर्डिङ्गको अभाव ।
- राजनैतिक हस्तक्षेप ।
- दोभाषेको व्यवस्थापनमा कठिनाई ।
- उपयुक्त हिरासत व्यवस्थापनको कमी कमजोरीका कारण मानव अधिकार कानून तथा संविधानद्वारा प्रदत्त हिरासतमा रहँदा फौजदारी न्यायसम्वन्धी हकको जानकारी तथा उपभोग गर्न पाउँने वातावरणको अभाव रहेको ।

८. <u>**प्रस्तावित राय :**</u>

- प्रमाणको आधारमा नभई बयानको आधारमा अभियोग लगाउँने ।
- कसूर भन्दा अत्याधिक सजायको माग दावी गर्ने ।
- प्रमाणको विश्लेषण नगरी सजायको माग दावी गर्ने ।
- प्रस्तावित रायमा प्रतिवादीहरुको वास्तविक नाम, थर, वतन स्पष्ट नखुलाउँने ।
- जिल्ला न्यायाधिवक्ताले प्रस्तावित रायलाई गम्भितापूर्वक लिने गरेको नपाईएको ।

## ४.समस्या समाधानका उपायहरु

### क. <u>कानून तर्जुमा र परिमार्जन</u>

- हदम्याद कम भएका मुद्दामा हदम्याद बढाउने गरी कानूनको संशोधन ।
- गम्भीर अपराधमा हिरासतमा राख्ने अवधि बढाउने व्यवस्था ।

- अनुसन्धानका क्रममा जमानत लिन सकिने व्यवस्था ।
- एकै विषयमा पृथक व्यवस्था रहेको ऐनमा त्यसको सीमामा स्पष्टता ।
- साक्षी पीडित कानून र कार्यक्रमको तर्जुमा ।
- सरकारले मुद्दा नचलाएको अवस्थामा व्यक्तिले मुद्दा चलाउन पाउने व्यवस्था ।
- अभियोजनको सौदावाजी, अभियोगको संशोधन र पुरक अभियोगको व्यवस्था ।
- अपराध अनुसन्धानका लागि मात्र नेपाल प्रहरीमा अ.अ.समूहको  व्यवस्था ।
- सानातिना मुद्दा प्रहरीको सिफारिसमा सरकारी वकीलले जरिवाना गरी छाड्न सक्ने व्यवस्था ।
- दोभाषे कानून व्यवसायी राख्ने जस्ता विषयमा कार्यविधि तर्जुमा ।
- प्रहरी ऐन तथा नियमावलीमा अपराध अनुसन्धान समूहको व्यवस्था ।

**ख. नीतिगत सुधार :**

१. कार्यगत समस्या समाधानका लागि अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यविधि तर्जुमा गरी लागु गर्नु पर्ने । निर्देशिका विपरित कार्य गर्नेलाई दण्डको व्यवस्था गर्नु पर्ने ।

२. सेवा विशिष्टीकरणको अवधारणालाई औपचारिकतामा मात्र सीमित नराखी नेपाल प्रहरीको नीतिको रुपमा अवलम्बन गर्नु पर्ने ।

३. अपराध अनुसन्धान र अभियोजनलाई राष्ट्रिय विकास योजनामा समावेश गरी बजेटको व्यवस्था गर्नु पर्ने । अनुसन्धान र अभियोजनको सफलताबाट नै नागरिकले कानूनको शासनको अनुभूति गर्ने, मानव अधिकारको प्रत्याभूति हुने र लोकतन्त्रको सुदृढीकरण हुने हुँदा यो क्षेत्रलाई राष्ट्रिय विकासमा समावेश गर्नु अत्यन्त आवश्यक भइसकेको ।

४. प्रहरीले सामुदायिक प्रहरीको अवधारणा अनुसार नागरिकलाई अधिकार सम्पन्न तुल्याई अनुसन्धानमा जनसहभागिताको प्रवर्धन गर्नु पर्दछ ।

**ग. संरचनागत व्यवस्था :**

१. अपराध अनुसन्धान विभाग अन्तर्गत अपराध अनुसन्धान समूहको गठन गरी अ.अ. कार्य सम्पादन गर्ने प्रहरी कार्यालयहरुमा दक्ष जनशक्ति पदस्थापन गर्ने । उक्त जनशक्तिलाई अपराध अनुसन्धान कार्यमा मात्र संलग्न गराउँने ।

२. केन्द्रिय स्तरमा अ.अ. विभाग अन्तर्गत अनुसन्धान तथा इन्टेलिजेन्स व्यूरो, अभिलेखालय व्यूरोको स्थापना गरी अ.अ. कार्यलाई सुदृढ बनाउँने ।

३. अ.अ. समूहमा हाल नेपाल प्रहरीमा विद्यमान जनशक्ति (६७,२४७) को ५.५ प्रतिशत मात्र ( ३,९९४) रहेकोमा प्रथम चरणमा यस संख्यालाई बढाएर ७.७ प्रतिशत (५,२२४) र दोस्रो चरणमा १० प्रतिशत (६,७२५) बनाउँने लक्ष्य रहेको छ ।

४. क्षेत्रीय स्तरमा नेपाल प्रहरी विधि विज्ञान प्रयोगशालाको स्थापना हुनु पर्ने ।

५. अपराध नियन्त्रण तथा अनुसन्धान सम्बन्धी आधारभूत तथा उन्नत तालिमहरुको संचालन गर्ने जिम्मेवारी बोकेको अपराध अनुसन्धान विद्यालयको स्तरवृद्धि गरी महाविद्यालयमा रुपान्तरण गर्नु पर्ने ।

६. अनुसन्धान र अभियोजन कार्यको समन्वयका लागि जिल्ला, पुनरावेदन तहमा समन्वय समिति र केन्द्रमा प्र.प्र.का. र महान्यायाधिवक्ता कार्यालयमा सहयोग डेस्क स्थापना गर्नु पर्ने ।

**घ. <u>क्षमता विकास :</u>**

१. अ.अ. समूहको भौतिक अवस्थामा सुधार हुनु पर्ने ।

२. अ.अ. समूहमा दक्ष प्रहरी जनशक्तिको आवश्यकता हुने हुँदा अ.अ. समूहमा पदस्थापन हुने, पदस्थापन भएका तथा उक्त समूहमा कार्यरत प्रहरी कर्मचारीहरुलाई अपराध अनुसन्धान सम्बन्धी आधारभूत, उन्नत तथा विशेषज्ञ तालिमहरु प्रदान गर्नु पर्ने ।

३. अ.अ. समूहमा कार्यरत प्रहरी कर्मचारीहरुलाई तिनको कार्य प्रकृति अनुसार विदेश तालिमका अवसरहरु दिलाउँनु पर्ने ।

४. विदेशी राष्ट्रका प्रहरी संगठनहरुसँग समन्वय गरेर दक्ष प्रशिक्षक झिकाई स्वदेशमा नै अपराध अनुसन्धान सम्बन्धी तालिमहरु संचालन गर्नु पर्ने ।

५. समय-समयमा अपराध अनुसन्धान सम्बन्धी सेमिनार, कार्यशाला, गोष्ठी र अन्तर्क्रियाको आयोजना गर्नु पर्ने ।

**ङ. <u>कार्य सम्पादनमा सुधार :</u>**

१. कार्य क्षेत्र र कार्य प्रकृति अनुसार अनुसन्धान सम्बन्धी कार्यविधि (SOP) तयार गरी लागु गर्नु पर्ने ।

२. प्रत्येक कर्मचारीहरुलाई आफ्नो कामप्रति जवाफदेही बनाउँने प्रणालीको विकास गर्नु पर्ने ।

३. अपराध अनुसन्धानमा प्रयोगमा आइरहेका तथा नयाँ विकास हुन गइरहेका फारामहरुलाई अनिवार्य तथा कडाईका साथ लागु गर्नु पर्ने ।

४. हरेक घटनाको अनुसन्धानमा अपराध अनुसन्धानको निश्चित प्रक्रिया पूरा गर्नै पर्ने अनिवार्य तथा बाध्यात्मक व्यवस्था लागु हुनु पर्ने ।

५. पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकारी बनाउँनु पर्ने ।

समाप्त